# सामाजिक परीक्षण २०८२

**Social Audit Final Report 2082**

# प्रतिवेदन




**सहकार्यः**

कलक कन्सल्ट प्रा.लि

तुलसीपुर, दाङ

**आयोजकः**

**परिवर्तन गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

रोल्पा, नेपाल



# अध्यक्षको कलमबाट

नेपालको संविधानले निर्दिष्ट गरेको राज्यको पुनःसंरचना बमोजिम यस परिवर्तन गाउँपालिकालाई साविक राङ्कोट, राङ्सी, कुरेली, कोल्बोट इरिवाङ र पाछावाङ सहित ५ गाविस समाहित गरि यो गाउँपालिकाको निर्माण भएको हो। नेपालको संविधान एवम् स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेको स्थानीय तहका काम, कर्तव्य, अधिकार र सङ्घीयताको मूल मर्मलाई स्थायी रूपमा संस्थागत गर्न स्थानीय तहको स्थापनाको सुरूवाती केही वर्षहरु नीतिगत एवम् कानुनी अन्योलतामा गुज्रियो। उपलब्ध स्रोत, साधन एवम् जनशक्तिको सदुपयोग गर्नसमेत कठिनाई भयो। विगतका तिनै अन्योलता एवम् कठिनाइहरुबाट पाठ सिक्दै पछिल्ला वर्षहरुमा स्थानीय तहहरू सुधारात्मक मार्ग तर्फ उन्मुख भएका छन्।

यसै क्रममा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ उपदफा (५) लाई कार्यान्वयन गर्नको लागि परिवर्तन गाउँपालिकाले सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको सम्वन्धमा अध्ययन गरी सामाजिक परीक्षण प्रतिबेदन तयार गरिएको छ। यो सामाजिक परीक्षण प्रतिवेदनमा परिवर्तन गाउँपालिकाले आर्थिक बर्ष २०८२/०८३ मा भए गरेका विकासका क्रियाकलापको अध्ययन गरिएको छ। गाउँपालिका विषयगत समिति तथा विषयगत शाखाहरु र विकास साझेदार गैससहरुले समेत यस गाउँपालिकामा एक आर्थिक वर्षमा पुरा गरेको सेवा प्रवाहको अवस्था, गाउँपालिकाले गरेको विभिन्न योजना निर्माणको अवस्था तथा सामाजिक दायित्वको लेखाजोखा यस परीक्षणमा भएको छ। यस गाउँपालिकाको सामाजिक विकासका लागि भएको विभिन्न प्रयासका आधारमा यो सामाजिक परीक्षण गरी प्रतिवेदन तयार गरिएको छ।

अन्त्यमा यो सामाजिक परीक्षण प्रतिवेदन निर्माणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने परिवर्तन गाउँपालिका गाउँ कार्यपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत लगायत सबै कर्मचारी मित्रहरुमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु। यसैगरी यो प्रतिवेदन तयार गर्न जिम्मा लिई सम्पन्न गर्नु हुने क्लक कन्सल्ट प्रा. लि. का अध्यक्ष पूर्ण बहादुर ओली तथा स्थानीय शासन विज्ञ श्री योगराज थपलिया (गाउले) लाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु। त्यसै गरी सामाजिक परीक्षण गरी प्रतिवेदन तयार गर्न सहयोग गर्नु हुने स्थानीय शासन विज्ञ पूर्ण बहादुर ओलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

.................................

**श्री सुक बहादुर वुढा मगर**
**गाउँपालिका अध्यक्ष**

# उपाध्यक्षको सन्देश



स्थानीय तह सङ्घीय राज्यप्रणालीको आधारभूत तह हो। नेपालको संविधानले व्यवस्था गरेको राज्यको पुनःसंरचनाको मर्मअनुसार गठन भएको ७ सय ५३ वटा स्थानीय तहहरुमध्ये परिवर्तन गाउँपालिका नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेशको रोल्पा जिल्लामा अवस्थित छ। यस गाउँपालिकाले साविक राङ्कोट, राङ्सी, कुरेली, कोल्बोट इरिवाङ र पाछ्चावाङ सहित ५ गाविस समेटेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरिएका काम, कर्तव्य र अधिकार सहित स्थानीय सरकारको वर्तमान इच्छा र भविश्यको योजनाको सफल कार्यान्वयन गर्नका लागि सम्बन्धित ऐन भौतिक संरचना, कानुन निर्माण सँगै मानव संसाधनको महत्वपूर्ण भूमिका रहेको हुन्छ। हाम्रो गाउँपालिकाले आम नागरिकहरुलाई सार्वजनिक सेवाप्रवाह गर्ने क्रममा विगतका दिनहरुमा जनशक्तिको प्राप्ति, विकास र उपयोगमा दर्जनौ चुनौतीहरुको सामना गर्नु पऱ्यो।

यसै क्रममा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ उपदफा (५) लाई कार्यान्वयन गर्नको लागि परिवर्तन गाउँपालिकाले सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको सम्वन्धमा अध्ययन गरी सामाजिक परीक्षण प्रतिवेदन तयार गरिएको हो। यो प्रतिवेदनमा परिवर्तन गाउँपालिकाले एक आर्थिक बर्ष २०८२/०८३ मा गरेका विकासका क्रियाकलापको अध्ययन गरिएको छ। गाउँपालिका आफै तथा विभिन्न विकास साझेदार संस्थाहरुले यस गाउँपालिकामा एक आर्थिक वर्षमा पुरा गरेको सेवा प्रवाहको अवस्था, गाउँपालिकाले गरेको विभिन्न योजना निर्माणको अवस्था तथा सामाजिक दायित्वको लेखाजोखा यस परीक्षणमा भएको छ। यस गाउँपालिकाको सामाजिक विकासका लागि भएको विभिन्न प्रयासका आधारमा यो सामाजिक परीक्षण गरिएको छ।

अत्यमा यो प्रतिवेदन सम्पन्न गर्ने क्लक कन्सल्ट प्रा.लि. का प्रतिनिधिहरु, स्थानीय शासन विज्ञ योगराज थपलिया (गाउले) लाई हार्दिक आभार व्यक्त गर्दछु साथै यो सामाजिक परीक्षण प्रतिवेदनलाई मूर्त रुप दिनका लागि संलग्न सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुलाई पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु।

....................................

**श्री कलादेवी खत्रेनी**
**गाउँपालिका उपाध्यक्ष**



# कृतज्ञता

राज्यशक्तिको शासकीय प्रयोगका सन्दर्भमा शासनको विकेन्द्रीकरण र सन्निकटताको सिद्धान्तलाई आत्मसात् गर्न संवैधानिक रुपमा नै नेपालको संविधान २०७२ मा भएको व्यवस्था बमोजिमको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको आधारमा नेपालमा तीन तहको सङ्घीय संरचना निर्माण हुँदा वि.सं २०७३ सालमा गठित ७५३ वटा स्थानीय सरकारहरु मध्य रोल्पा जिल्लामा २०७३ साल फागुनमा परिवर्तन गाउँपालिका नगर कार्यपालिकाको कार्यालय स्थापना भएको हो। शासनको आधारहरु सरकार, नागरिक, कानुन, स्रोत, भूगोल र संरचनामध्ये संरचना पनि एक महत्वपूर्ण आधार हो जसमा प्रशासन, सङ्गठन र व्यवस्थापनको व्यवस्थित संयोजन रहेको हुन्छ।

परिवर्तन गाउँपालिकाले सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको सम्वन्धमा अध्ययन गरी सामाजिक परीक्षण प्रतिबेदन तयार गरिएको छ। यो सामाजिक परीक्षणमा आर्थिक बर्ष २०८२/०८३ मा गरेका विकासका क्रियाकलापको अध्ययन गरिएको छ । गाउँपालिकाको विषयगत समिति तथा विषयगत शाखाहरु र विकास साझेदार संस्थाहरु समेतले एक आर्थिक वर्षमा पुरा गरेको सामाजिक दायित्वको लेखाजोखा यस परीक्षणमा भएको छ। यस गाउँपालिकाको सामाजिक विकासका विभिन्न कार्यहरु तथा तथ्याङ्कका आधारमा यो परीक्षण गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ७८ उपदफा (५), लाई कार्यान्वयन गर्न स्थानीय तहहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गर्नुपर्ने प्रावधान रहेको छ। यसै दफाको परीधी भित्र रहेर गरिएको यो सामाजिक परीक्षणले आगामी दिनमा परिवर्तन गाउँपालिकाको सामाजिक विकासको अवस्थालाई अझ व्यवस्थित तथा प्रभावकारी बनाउन सहयोग पुऱ्याउने छ।

अन्त्यमा यो प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने परिवर्तन गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरुलाई कृतज्ञता व्यक्त गर्न चाहन्छु साथै सामाजिक परीक्षण प्रतिवेदन तयार गर्ने जिम्मा लिने संस्था क्लक कन्सल्ट प्रा.लि.का अध्यक्ष पूर्ण बहादुर ओली तथा स्थानीय शासन विज्ञ योगराज थपलिया 'गाउँले 'लाई हार्दिक धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दछु ।

...................................

**श्री निम बहादुर के.सी**
**प्रमुख प्रशासकीय अधिकृत**

# भूमिका

परिवर्तन गाउँपालिकाले सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको सम्वन्धमा अध्ययन गरी सामाजिक परीक्षण प्रतिबेदन तयार गरिएको हो। यो सामाजिक परीक्षण प्रतिवेदनमा एक आर्थिक बर्ष २०८१/०८२ मा गाउँपालिकामा भए गरेका विकासका क्रियाकलापको अध्ययन गरिएको छ। गाउँपालिकाको विभिन्न विकास समितिहरु, विषयगत शाखाहरु र विकास साझेदार गैससहरु समेतले यस आर्थिक वर्षमा पुरा गरेको सम्पूर्ण विकासका कार्यहरु, सामाजिक दायित्वको लेखाजोखा, समुदायको गाउँपालिका प्रतिको धारणा समेत यस परीक्षणको हिंसा भएको छ। गाउँपालिकाले पास गरेको नीति तथा योजना कार्यान्वयन, सामाजिक विकासका विभिन्न तथ्याङ्कका आधारमा यो सामाजिक परीक्षण गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ७८(५), लाई कार्यान्वयन गर्ने क्रममा सबै स्थानीय तहहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा अध्ययन, छलफल, लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गर्नुपर्ने प्रावधान रहेको छ । यसै दफाको परीधी भित्र रहेर गरिएको यो सामाजिक परीक्षणले आगामी दिनमा परिवर्तन गाउँपालिकाको सामाजिक विकासको अवस्था सकारात्मक रुपमा परिवर्तन गर्न सहयोग गर्नेछ । यस प्रतिवेदनले परिवर्तन गाउँपालिकाको हालको अवस्था के कस्तो रहेको छ भन्ने कुराको प्रतिनिधित्व गर्दछ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७८ (५) अनुसार यो सामाजिक परीक्षण कार्य २०८२ कार्तिक महिना अर्थात आर्थिक वर्ष सम्पन्न भएको पहिलो चौमासिक भित्र सम्पन्न गरिसक्नु पर्नेमा विभिन्न कारणले ढिलो गरी सम्पन्न गरिएको छ। परीक्षणको कार्य सम्पन्न गर्न कार्यविधिमा उल्लेख भएका विधिहरु प्रयोग गरिएको छ। सामाजिक परीक्षण गर्नका लागि जिम्मेवारी दिनुहुने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र प्रमुख प्रशासकीय अधिकृत श्री निम बहादुर के.सी, साझेदारी संस्था क्लक कन्सल्ट प्रा.लि. लाई विशेष धन्यवाद दिन चाहन्छु। सामाजिक परीक्षण कार्यमा महत्वपूर्ण सहयोग गर्नुहुने गाउँपालिका अध्यक्ष सुक बहादुर वुढा मगर, गाउँपालिका उपाध्यक्ष कलादेवी खत्रेनी, प्रमुख प्रशासकीय अधिकृत निम बहादुर के.सी, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, प्रशासन शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिन चाहन्छु। यसैगरी विषयगत शाखाका प्रमुखहरु तथा अध्ययन कार्यमा सूचना उपलब्ध गराइदिनु हुने महानुभावहरु, गैससका प्रमुख तथा प्रतिनिधिहरु, गाउँपालिका स्तरीय भेलामा राय सुझाव दिनुहुने राजनीतिक दलका प्रतिनिधिहरु र अन्य व्यक्तित्वहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

यो प्रतिवेदनमा सुधार गर्नु पर्ने धेरै पक्षहरु रहन सक्दछन्। यसलाई आगामी दिनमा कार्ययोजना बनाई व्यवस्थापन गर्दै जान उपर्युक्त हुने देखिन्छ। यसरी गाउँपालिकाले आगामी दिनमा समेत यस्ता कार्यहरु सम्पादन गर्ने अवसर प्रदान गर्नेछ भन्ने शुभेच्छा व्यक्त गर्दै प्रतिवेदनमा सकारात्मक र सिर्जनात्मक सुझावको अपेक्षा गर्दछौ ।

## संक्षेपमा

गा.पा : गाउँपालिका
जि.स.स. : जिल्ला समन्वय समिति
न.पा. : नगरपालिका
उ.मा.न.पा. : उप-महानगरपालिका
म.न.पा. : महानगरपालिका
**CRC : Citizen Report Card**
**CSC : Community Score Card**
**FGD : Focus Group Discussions**
**KII : Key Informant Interview**
**PH : Public Hearing**
**SA : Social Audit**

# कार्यकारी सारांश

परिवर्तन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रोल्पाले आ.व. २०८१/०८२ को सामाजिक परीक्षण कार्य सम्पन्न गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७८ (५) मा प्रत्येक स्थानीय तहहरू (महा नगरपालिका, उप—महा नगरपालिका, नगरपालिका र गाउँपालिकाहरू) ले वर्षमा एक पटक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण गरी सक्नु पर्ने प्रावधान छ। यसै अनुसार सामाजिक परीक्षण कार्यविधि, २०८२ को अधिनमा रही गाउँपालिकाको आ.व. २०८१/०८२ को सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको छ। सामाजिक परिक्षण भन्नाले स्थानिय सरकारले सञ्चालन गरेका कार्यहरुले समाजमा पारेको सकरात्मक प्रभाव र सुझाबका क्षेत्रहरुलाई सुधारात्मक रुपमा पेश गरेको विवरण हो। सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा अनुसन्धानात्मक ढङ्गबाट अध्ययन तथा विश्लेषण गर्न आवश्यक सुचना तथा जानकारी सङ्कलन गर्ने क्रममा स्थानीय तहसँग सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा समिक्षा गरिएको थियो। त्यस्तै, गाउँपालिकाका पदाधिकारीहरू, शाखा प्रमुख कर्मचारीहरु, आयोजना प्रमुख, विषयगत समिति प्रमुख लगायत सम्बन्धित कर्मचारी तथा सरोकारवालाहरूसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिनुका साथै छलफल समेत गरिएको थियो। यसैगरी केही योजनाहरूको स्थलगत अवलोकन समेत गरिएको थियो।यसरी प्राप्त सुचना तथा जानकारीहरूको आधारमा स्थानीय तहका सामाजिक परीक्षण कार्यविधि, २०८२ को अनुसची ३ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन तयार गरी सम्पुर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो। छलफलमा उठेका सवाल र जवाफलाइ समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ। गाउँपालिकाका विषयगत समिति/शाखाका प्रतिनिधिहरु, गैह्र सरकारी संस्थाहरूको विवरण सामाजिक परीक्षण कार्यविधि २०८१, अनुसची २ र ३ बमोजिमको विवरण समेत सङ्लग्न गरिएको छ।

परिवर्तन गाउँपालिकाको सामाजिक जिम्मेवारी सम्पादन तर्फ यस सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरू यसप्रकार छन् : आ.व. २०८१/०८२ मा सभाबाट पास गरेका नीती तथा कार्यक्रम योजना/आयोजना तथा कार्यक्रमहरु सम्पन्न भएका छन्। गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को आर्थिक कारोबारको एकीकृत विवरणअनुसार उक्त वर्षमा गाउँपालिकाको कुल वित्तीय गतिविधि सन्तुलित अवस्थामा रहेको देखिन्छ। प्राप्ति तर्फ सुरुवाती मौज्दातअन्तर्गत सञ्चित कोष, धरौटी तथा कार्यसञ्चालन कोषमा उल्लेखनीय रकम रहेको छ भने अन्य कोषमा मौज्दात देखिँदैन। चालु आर्थिक वर्षभित्र आन्तरिक आयबाट प्राप्त आम्दानीले गाउँपालिकाको आफ्नै स्रोत परिचालन क्षमतालाई प्रतिबिम्बित गरेको छ। साथै संघ तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणअन्तर्गत समानीकरण, सशर्त तथा समपूरक अनुदानहरू प्रमुख आय स्रोतका रूपमा रहेका छन्। यसका अतिरिक्त अन्तरसरकारी अख्तियारीमार्फत सामाजिक सुरक्षा, स्थानीय पूर्वाधार विकास तथा स्वास्थ्य क्षेत्र सुधारसम्बन्धी कार्यक्रमहरू सञ्चालनका लागि प्राप्त रकमले समग्र आय संरचनालाई थप सुदृढ बनाएको छ।

खर्च तर्फ हेर्दा चालु खर्चअन्तर्गत प्रशासनिक तथा सेवा प्रवाहसम्बन्धी खर्चहरू पालिका तथा संघीय सशर्त शीर्षकबाट व्यहोर गरिएको छ। पुँजीगत खर्चमा पूर्वाधार विकास तथा दीर्घकालीन योजनाहरूमा उल्लेखनीय लगानी भएको देखिन्छ, जसमा संघीय तथा प्रदेश स्तरबाट प्राप्त सशर्त तथा समपूरक अनुदानको महत्वपूर्ण योगदान रहेको छ। अन्तरसरकारी अख्तियारी अन्तर्गत प्राप्त रकमहरू सम्बन्धित शीर्षकअनुसार सामाजिक सुरक्षा, पूर्वाधार तथा स्वास्थ्य कार्यक्रमहरूमा खर्च गरिएको देखिन्छ। अन्य खर्चअन्तर्गत धरौटी फिर्ता तथा कार्यसञ्चालन कोषसम्बन्धी खर्चहरू समावेश छन् भने ऋणसम्बन्धी दायित्व देखिँदैन।

यसैगरी, विभिन्न शीर्षकमा प्राप्त अनुदानमध्ये खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायमा फिर्ता गरिएको छ, जसले वित्तीय अनुशासन कायम गरिएको संकेत गर्दछ। आर्थिक वर्षको अन्त्यमा सञ्चित कोष, धरौटी तथा कार्यसञ्चालन कोषमा मौज्दात कायम रहेको देखिन्छ, जसले आगामी वर्षका लागि वित्तीय स्थायित्व सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। समग्रमा, उक्त आर्थिक वर्षमा गाउँपालिकाको कुल प्राप्ति र खर्च बराबर रहेकोले वित्तीय व्यवस्थापन सन्तुलित, पारदर्शी तथा उत्तरदायी रहेको निष्कर्ष निकाल्न सकिन्छ। स–साना टुक्रे आयोजनाहरूको संख्या बढी हुनु, अधिकांश योजना सडक ग्राभेलसँग सम्बन्धित हुनु, कृषि बालीको समयका कारण केही योजनाको काम ढिलो हुनु, उपभोक्ता समितिबाट अपेक्षित सक्रियता नदेखिनु तथा आर्थिक वर्षको अन्त्यतिर मात्र योजना सम्झौता हुने प्रवृत्तिले समयमै कार्यसम्पादनमा असर परेको देखिन्छ। साथै कर्मचारी व्यवस्थापनको समस्या, प्रभावकारी अनुगमन तथा मूल्यांकनमा कठिनाइ, टोल विकास संस्थासँग सम्बन्धित व्यवस्थापन समस्या तथा सीमित बजेट पनि प्रमुख चुनौतीका रूपमा देखिएका छन्। यी समस्याहरू समाधान गर्न वार्षिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, योजना निर्माणका सम्पूर्ण चरणहरूको पालना, प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणाली विकास, टुक्रे योजनामा बजेट वितरणको प्रवृत्ति नियन्त्रण तथा दीर्घकालीन योजना, आवधिक योजना र वार्षिक योजनाबीच समन्वय कायम गर्दै योजनाबद्ध विकासमा जोड दिनुपर्ने आवश्यकता देखिएको छ। यसका अतिरिक्त मध्यमकालीन खर्च संरचना निर्माण, संगठन संरचना परिमार्जन, कार्यभार अनुसार कर्मचारी व्यवस्थापन, नियमित समीक्षा बैठक सञ्चालन, सूचना प्रविधिको प्रयोगमार्फत सेवा प्रवाह सुधार तथा पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्नुपर्ने आवश्यकता पनि औंल्याइएको छ। समग्रमा आ.व. २०८१/०८२ मा परिवर्तन गाउँपालिकाको योजना तथा अनुगमन शाखाले विभिन्न विकास आयोजनाहरूको कार्यान्वयन तथा व्यवस्थापनमा उल्लेखनीय प्रगति हासिल गरेको देखिन्छ। आगामी दिनहरूमा योजनाबद्ध विकास, प्रभावकारी अनुगमन, पर्याप्त स्रोत व्यवस्थापन तथा संस्थागत सुदृढीकरणमार्फत नगरको दिगो विकासलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ।

सामुदायिक विद्यालयहरुमा गरिएको लगानीले लक्षित वर्गको शिक्षामा पहुँच बढाएको छ साथै विद्यालयहरु नमुना बनाउने प्रयास गरिएको छ। योजना तर्जुमा प्रक्रियामा महिला, वालवालिका, दलित, जनजाती तथा अन्य पछाडि परेका वा पारिएका वर्गहरुको सहभागितालाई सुनिश्चितता गरिएको छ। आयोजनाहरुमा उपभोक्ताको सक्रिय सहभागिता हुँदा थोरै लगानीमा धेरै काम गर्न सकिएको छ। महिला लक्षित आयोजना अन्तर्गत स्वास्थ्य शिविर कार्यक्रमले धेरै मानिसहरुले लाभ लिन सकेका छन्। त्यस्तै गरी स्वास्थ्यसँग सम्बन्धित कार्यक्रममा गर्भवतिको लागि प्रसुती पोषण कार्यक्रम, अपाङ्गता परिचय पत्र वितरणका लागी पूर्ण असक्त अपाङ्गताहरुका लागी घरमै गयर सेवा दिने गरेको ,बालविवाह महिला हिंसाका घटनाको नियन्त्रण को लागि सचेतना , विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा विपन्न बालबालिका, महिला, अपाङ्गता भएका व्यक्तिहरु तथा लक्षित वर्गका लागी कार्यक्रम संचालन, जस्ता प्रभावकारी कार्यहरु गरिएको पाईयो। स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यमा पहिलेको भन्दा सुधारभयको। कार्यालयको आन्तरिक ब्याबस्थापन प्रभाबकारि पार्न गुनासो सुन्ने अधिकारि, सुचना अधिकारि तोकिएको। गाउँपालिकामा रहेका बिषयगत शाखा लगायत अन्य संघ संस्थाहरुको समन्वयमा शिक्षा, स्वास्थ्य, महिला विकास आदि क्षेत्रमा जनताको सहभागिता अभिवृद्धि भएको। यसरी गाउँपालिकालाई पारदर्शि, जनउत्तरदायि, जवाफदेहि, जनसहभागितामुलक सुशासनयुक्त, गुणस्तरिय र जनमुखि वनाउदै आर्थिक तथा सामाजिक रुपमा समुन्नत गाउँपालिका निर्माण गर्ने लक्ष्य अनुरुप विभिन्न कार्यक्रम सञ्चालन गरिदै आएकाछन्। वालमैत्री गाउँपालिका घोषणा गर्न वालमैत्री कार्यक्रम अन्तर्गत विभिन्न अभियान कार्यक्रमहरु सञ्चालन, वालकोष स्थापना, विद्यालयहरुमा वालमैत्री पुर्वाधार सुधार कार्यक्रमहरु सञ्चालन गरिएको छ।

त्यसै गरी आयोजनाहरुको लागत अनुसार रकम विनियोजन नभएको हुदा पर्याप्त वजेटको अभावका कारण आयोजनाहरु अधुरा र अपुरा रहने गरेका, उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिमको ब्यबस्था नगरीदा काम गर्न कठिन, उपभोक्तालाई आयोजना सम्झौता गर्दा विभिन्न शिर्षकमा कर कति लाग्छ भन्ने जानकारी नहुँदा अन्यौलता रहेको, महिलाको उपभोक्ता समितिमा न्यून सहभागिता रहने गरेको, आयोजनाहरु साना साना टुक्रे हुँदा प्राविधिक समस्या, पशुसेवा केन्द्रतर्फ प्राविधिक जनशक्तिको कमिका कारण सेवा पुऱ्याउन गाह्रो, नयाँ सुचना प्रबिधि, लगायतका कुरा जानाकारिको अभाब भएको कारण आगामी वर्षहरुमा नीति तथा योजना निर्माणका साथै बजेट विनियोजन गर्ने क्रममा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि तथा गाउँपालिका बासी जनताहरुको आर्थिक तथा सामाजिक विकासका लागि समाजको जल्दोबल्दो समस्यालाई ध्यानमा राखुहुन सुझाव गरिएको छ।

भौतिक निर्माणमा उपभोक्ता, बुद्धिजिबि र समाजसेबिको चासो कम छ भने जनचेतनामुलक कार्यक्रमहरुमा लक्षित वर्गको पर्याप्त सहभागिता नहुनु, विकास तथा सामाजिक कार्यमा राजनीतिकरणले लक्ष्य प्राप्तीमा असजिलो, पुरुषहरु बाहिरि काममा जानुपर्ने बाध्यताका कारण महिला घर धन्दामा ब्यस्त भइ सामाजिक काम एवम् बैठकहरुमा जान चासो नदिने उल्टै के पाइन्छ भन्ने आशा राख्ने जस्ता कुरामा सकारात्मक परिवर्तनको आवश्यकता छ।

आयोजनाहरुमा लागत अनुसार रकम विनियोजन गरी आयोजना सञ्चालनमा वजेटको अभाव हुन नदिने। लक्षित वर्गका कार्यक्रमहरुलाई अझ वढि प्रभावकारी वनाउनु, पूर्वाधार विकास, सामाजिक/क्षमता विकास, आर्थिक/सिप विकास र संस्थागत विकास आदि क्षेत्रमा खर्च गर्नुपर्ने।उपभोक्ता समितिका पदाधिकारीहरुलाई आयोजना सम्झौता गरेपछि तालिमको ब्यबस्था गर्नु पर्ने। विभिन्न शिर्षकमा लाग्ने कर आदि विषयमा आबश्यक जानकारी पहिले नै उपभोक्तालाई जानकारी दिनु पर्ने। गाउँपालिकाको समग्र विकासका लागि स्पष्टरुपमा लक्ष्य तथा नीतिहरु तयार गरी सोहि बमोजिम बार्षिक नीति तथा कार्यक्रमहरु तर्जुमा गर्नु पर्ने। आय तथा ब्यय सार्वजनिक गर्दा नेपाल सरकारवाट प्राप्त पुंजीगत अनुदानको मात्र नभएर आन्तरिक आम्दानी, विभिन्न तह र तप्काबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरुको समेत आय ब्यय सार्वजनिक गर्नु पर्ने। वार्षिक समिक्षा कार्यक्रम सञ्चालन गर्दा आर्थिक प्रगतिका साथसाथै भौतिक प्रगतिको अबस्था, मुख्य उपलब्धिहरु के के भए, कमिकमजोरी कहाँ कहाँ रहे र सुधारका लागि आगामि दिनहरुमा के गर्नु पर्ला जस्ता आधारभुत पक्षहरु समेटनु कृषकलाई सरल र सुलभ तरिकावाट अनुदान रकम बढाउन पर्ने। स्वास्थ्य केन्द्र, स्वास्थ्य संस्थाबाट बनाइएका बार्षिक योजनाहरु सहज रुपमा सम्पन्न गर्ने। स्वास्थ्य संस्थाप्रति सरोकारवालाहरुको चासो बढाइ स्वास्थ्य संस्थाले दिइरहेको सेवामा अझ बढि प्रभाबकारि बनाउन जिम्बेवारी लिने। गाउँपालिका भित्र भएका क्रियाकलाप बाहेकका थप बास्तबिक समुदाय र लक्षित बर्गलाइ टेवा पुग्ने काम गर्न सकेमा राम्रो, गुणात्मक नतिजा देखिने गुणस्तरिय कार्यक्रम गर्न जरुरि देखिन्छ। त्यसै गरी स्थानिय तह र गैरसरकारि संस्थाको सहकार्य गर्दा बास्तबिकतामा आधारित हुनु पर्ने साथै जनचेतनाको हरेक क्षेत्रमा सामुदाकि संस्था, आमा समुहहरु, बाल क्लब,युवा क्लब, समूह तथा टोल विकास संस्थाहरु गठन गरी परिचालन गर्न अपरिहार्य देखिन्छ।

# विषयसुची

१. पृष्ठभूमि ..... १
२. सामाजिक परीक्षणका उदेश्यहरु ..... १
३.सामाजिक परिक्षणको अध्ययन विधि ..... २
३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन ..... २
३.२ अन्तरवार्ता र समूह छलफल ..... २
३.३ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल ..... ३
४.अध्ययनको सिमा (Limitations) ..... ४
५. बृहत् छलफल (प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल) कार्यक्रमको विवरण "प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको तयारी" ..... ४
६. गाउँपालिकाको संक्षिप्त परिचय ..... ५
७. गाउँपालिकाका प्राथमिकता क्षेत्र तथा लक्ष्यहरू : ..... ८
८. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू : ..... २३
९. गत वर्षका मुख्य मुख्य उपलब्धिहरू ..... २६
१०.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा ..... २८
११.सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरू ..... ३३
१२. गत वर्षमा भोगेका समस्याहरू : ..... ३४
१३. सुधारको लागि चाल्नुपर्ने कदमहरु तथा सुझाव : ..... ३५
अनुसुचीहरु ..... ३४
अनुसुची १ ..... **Error! Bookmark not defined.**
सन्दर्भ सामग्री तथा सामाजिक परिक्षणका संवैधानिक तथा कानुनी आधारहरु ..... ४६
सामाजिक परीक्षणका संवैधानिक तथा कानुनी आधारहरु ..... ४५
अनुसुची २ ..... ४१
गाउँपालिकाको सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा सहभागिहरुले राखेका जिज्ञासा, बिचार तथा सुझाबहरु ४२
अनुसुची ३ ..... ४३
सामाजिक परिक्षण प्रारम्भिक प्रतिबेदन प्रस्तुतिकरण कार्यक्रमको उपस्थिति ..... ४३
अनुसुची ४ ..... ४३
कार्यक्रमका केहि झलकहरु ..... ४४
अनुसूची ५ ..... ४६
अनुसूची ६ ..... ४८

# १. पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७८ (५) मा स्थानीय तहहरू (महा- नगरपालिका, उप-महा नगरपालिका, नगरपालिका र गाउँपालिकाहरू) ले वर्षमा एक पटक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण गरी सक्नु पर्ने प्रावधान छ। यसैअनुसार गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०८२ को अधिनमा रही परिवर्तन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय परिवर्तन रोल्पाको आ.व. २०८१/०८२ को सामाजिक परीक्षण कार्य गरिएको छ।

सामाजिक जिम्मेवारी पुरा गरे/नगरको सम्बन्धमा अनुसन्धानात्मक ढङ्गबाट अध्ययन तथा विश्लेषण गर्न आवश्यक सूचना तथा जानकारी सङ्कलन गर्ने क्रममा स्थानीय तहसँग सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा समीक्षा गरिएको थियो। त्यस्तै गाउँपालिकाका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत समितिका प्रमुख लगायत सम्बन्धित कमर्चारी तथा सरोकारवालाहरूसँग अधर्सरंचित (Semi-structured) अन्तरवार्ता लिनुका साथै छलफल समेत गरिएको थियो। यसै गरी केही योजनाहरूको स्थलगत अवलोकन समेत गरिएको थियो। यसरी प्राप्त सचूना तथा जानकारीहरूको आधारमा स्थानीय तह सामाजिक परीक्षण कार्यिवधि, २०८२ को अनसुची ३ र ४ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन तयार गरी सम्पुर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो। छलफलमा उठेका सवाल जवाफलाई समेटि अन्तिम प्रतिवेदन तयार गरिएको छ।

सामाजिक परिक्षण भन्नाले स्थानिय तहले एक आर्थिक वर्ष भरी सञ्चालन गरेका कार्यहरुले समाजमा पारेको सकरात्मक र सुझाबका क्षेत्रहरुलाई सुधारात्मक रुपमा पेश गरेको विवरण हो। परिभाषा समान खालको नभए पनि कार्यक्षेत्र र कार्यविधि भने समान रहेको हुन्छ। यो कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आसा राखिन्छ। आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरूमा दुवैमा अभिलेख र प्रक्रियाको जॉच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ। तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन साथ साथै आर्थिक संरचनार्मा जोड गर्ने काम गरिन्छ तर सामाजिक परिक्षणमा पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता, समावेशिकरणमा जोड दिनुका साथसाथै सम्पुर्ण सरोकारवालाको सुझावको आसा राखिएको हुन्छ।

सामाजिक परीक्षणमा गत आ.व.को कार्य सम्पादनको मूल्याङ्कन गरिएको साथै आगामि दिनहरुमा गर्नुपर्ने सुधारहरुको पक्षहरुको उल्लेख गरिएको छ। सामाजिक परीक्षण गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गराउन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ दफा ७८(५) ले अनिवार्य गरेको छ । स्थानीय तहले सो स्थानीय तहसँग प्रत्यक्ष सम्बन्ध नभएको विज्ञलाई वा परामर्श सेवा कम्पनिलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्ने व्यबस्थालाई कायम राखि यो काम सम्पन्न गरिएको छ। सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढङ्गबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको हो ।

छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ । यसलाई स्थानीय तहको सभामा पेश गर्नु पर्ने प्रावधान रहेको छ। यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको अवस्थाको आङ्कलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ।

## २.सामाजिक परीक्षणका उदेश्यहरु

सामाजिक परीक्षणको मुख्य उद्देश्य स्थानिय तहले एक आर्थिक वर्षमा तय गरेका समग्र सार्वजनिक सेवा, पास गरेको नीति तथा कार्यक्रम पुरा गरे/नगरेको सम्वन्धमा कार्य सम्पादनको लेखाजोखा गर्नु।

**सामाजिक परीक्षणका विशिष्ट उद्देश्यहरु :**

क) स्थानीय तहहरुले सञ्चालन गर्ने विकास योजना तथा कार्यक्रमलाई सरोकारवालाबाट लेखाजोखा गर्ने पद्धति स्थापना गर्ने,

ख) आयोजना वा कार्यक्रम तर्जुमा गर्नुको औचित्यता, प्रक्रिया र सरोकारवालाहरुलाई पुग्न गएको फाइदा वा उपलब्धि, जुटाईएको स्रोत तथा लाग्न गएको लागत आदिका वारेमा सरोकारवाला लाई सुसूचित गराउने,

ग) सामाजिक परीक्षण प्रकृयालाई स्पष्ट, पारदर्शि तथा व्यवस्थित गर्ने,

घ) सामाजिक परीक्षण प्रणाली अवलम्वन गर्न स्थानीय तहलाईलाई मार्गदर्शन गर्ने,

ङ) स्थानिय तहबाट सम्पादन हुने सामाजिक परीक्षण प्रकृयामा एकरुपता ल्याउदै सामाजिक परीक्षण कार्यलाई सरलीकरण गर्ने।

**सामाजिक परीक्षणको उपयोगिता**

- वार्षिक रुपमा सञ्चालन गरिने यस्तो अध्ययनले स्थानीय तहलाई आफूले वर्षभरी गरेको कामका बारेमा एकीकृत सूचना, जानकारी तथा पृष्ठपोषण प्राप्त हुन्छ ।
- परिवर्तन गाउँपालिकाले नियमित रुपमा सामाजिक परीक्षण गर्दा गाउँपालिकाको विगत र वर्तमान अवस्थाको बारेमा अध्यावधिक जानकारी प्राप्त हुन्छ ।
- स्थानीयका तहका वारेमा सो निकायसम्बन्धी सवल पक्ष, कमजोर पक्ष, चुनौती र आगामी दिनका लागि सुधार गर्नुपर्ने पक्षका वारेमा सामाजिक परीक्षकले स्वतन्त्र रुपमा सञ्चालन गरेको अध्ययनबाट जानकारी प्राप्त हुन्छ।

## ३.सामाजिक परिक्षणको अध्ययन विधि

सामाजिक परीक्षण अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरु गरी सम्पन्न गरिएको छ ।

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

१. गाउँपालिका सञ्चालन सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरु

२. स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य

३. आवधिक तथा वार्षिक योजना (विषयगत शाखाहरूको समेत)

४. सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना

५.नागरिक बडापत्र

६.वार्षिक प्रतिवेदनहरू

### ३.२ मुख्य पदाधिकारीसंग अन्तरवार्ता

सामाजिक परीक्षणका विधि तथा प्रक्रिया र तोकिएको सुचाकहरुका आधारमा परामर्शदाताले आवश्यकता अनुसार गाउँ पालिकाको जनप्रतिनिधि, प्र.प्र.अ, विभिन्न शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीहरु,

१.  गाउँपालिकाका पदाधिकारीहरू र विषयगत शाखा प्रमुखसँग अर्धसङ्रचित (Semi-structured) अन्तरवार्ता गरिएको थियो।

२. वडा कार्यालय

३. प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको छ।

४. बार्ताबाट समेटिन नसकेका विषयहरूका लागि गाउँपालिकाका सरोकारवालाहरूको सानो समूह बनाई समूह छलफल पनि गरियो।

## ३.३ समूह छलफल स्थलगत अवलोकन

सामाजिक परीक्षणका लागि तोकिएको सूचकहरू तथा सन्दर्भ सामाग्री हरुको अध्ययनको आधारमा समुहा छलफल गरिएको थियो,

१.लक्षित समुह,उपभोक्ता समुह र समिति तथा सेवाग्राही समाबेश

२.गत आर्थिक बर्षमा संचालित विभिन्न योजना र क्रियाकलाप अवलोकन

३. सेवा प्रदायक संस्थाहरुको कार्यालय

४. गत आ.व.मा सञ्चालन भएका ४ वटा पुर्वाधारजन्य आयोजनाहरुको स्थलगत अध्ययन गरिएको छ।

## ३.४ प्रारम्भिक प्रतिवेदन मस्यौदा लेखन

विभिन्न माध्यमहरुबाट प्राप्त भएको सूचनाहरुलाई निम्नानुसार तरिकाबाट मस्यौदा लेखिएको थियो,

१. सूचनाहरुलाई संकलन गर्ने

२.सूचनाहरुलाई सम्बन्धित ऐन, निती, कार्यविधी र योजनामा भएको व्यवस्थासँग तुलना

३. छालफलबाट प्राप्त पृष्ठपोषणलाइ टिपोट

४. अन्तिम प्रतिवेदनमा प्राप्त  पृष्ठपोषणहरु समाबेश

## ३.५ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

गाउँपालिका द्वारा आयोजित भेलामा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो। सामाजिक परिक्षण प्रतिवेदन प्रस्तुती था सार्वजनिक बहस कार्यक्रममा उपस्थित हुन् पालिकाले प्रमुख सरोकारवालाहरु तथा सार्वजनिक बहस कार्यक्रम तथा कार्यक्रममा उपस्थितहुन् पालिकाल्र प्रमुख सरोकारवालाहरु तथा जनप्रतिनिधि, नागरिक समाज, कर्मचारी लक्षित वर्ग बालबालिका, महिला प्रतिनिधि, स्थानी गैसस, राजनीतिक दल, बुद्दिजिबिलगायतका अन्तरक्रियाका लागि सार्वजनिक सुचनाद्वारा आह्वान गरिएको थियो। उक्त कार्यक्रममा निम्नानुसारको प्रस्तुतीकरण गरिएको थियो,

१. सामाजिक परीक्षणका निष्कर्षहरू

२. सामाजिक परीक्षणले औंल्याएका सवालहरू

३. सवालहरूको प्राथमिकीकरण

४. यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिवद्धता (समय सीमा सहित)

५. सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु र

६. खुल्ला छलफाल अनि सुझावहरु

## ३.६ अन्तिम प्रतिवेदन पेश

सहभागिबाट प्राप्त सुझावहरुलाई समेटी सामाजिक परीक्षक द्वारा सामाजिक परिक्षण प्रतिवेदन सार्वजनिक जवाफदेहिता प्रवर्द्धनसम्बन्धी कार्यविधि २०७७ को अनुसूची-९ अनुसार गाउपालिका प्रमुख समक्ष पेश गर्ने।

## ४.अध्ययनको सिमा (Limitations)

- गाउँपालिकासँग सम्बन्ध स्थापना गरेर काम गर्ने गाउँपालिकाक्षेत्र भित्र रहेका सबै गैर सरकाकारी संस्थाहरु विकासका साझेदार संस्थाहरु, वडा कार्यालय र विद्यालयहरुलाई अध्ययनको क्षेत्रभित्र समेटन समय अभावका कारण नसकिएको ।
- समय, जनशक्ति, कार्यविधि र लागतको कारणले निचिश्त सिमामा रहेर काम गर्नु परेको।
- अधिकांश सूचनाहरू द्वितीय स्रोतबाट सङ्कलन भएका छन् र केही प्राथमिक स्रोतबाट प्राप्त भएका सुचनाहरु पनि सूचनादाताको मौलिक विचारबाट प्रभावित भएका हुन सक्दछन् ।

## ५. बृहत् छलफल (प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल) कार्यक्रमको विवरण “प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको तयारी”

क) मिति : २०८२ चैत्र ३० गते

ख) स्थान : परिवर्तन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय परिवर्तन, रोल्पा

ग) समय : दिनको १२.०० बजे

घ) उपस्थिति : २५ जना

- **कार्यक्रमको सञ्चालन विधि**

  सन्दर्भ सामग्रीको अध्ययन, अन्तरवार्ता, छलफल बाट प्राप्त सूचना तथा नतिजाको आधारमा विषयविज्ञ सामाजिक परीक्षकद्वारा तयार गरिएको सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन सार्वजनिक सुचना र निमन्त्रणा गरि कार्यक्रमको आयोजना गरी प्रस्तुत गरिएको थियो। सो कार्यक्रम सञ्चालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७८ (५) तथा गाउँपालिकाले निर्माण गरेको सामाजिक परीक्षण कार्यविधि, २०८२ ले निर्देशित गरे बमोजिमका विधिहरूको अनुसरण गरिएको थियो।

- **कार्यक्रमको विस्तृत विवरण**

### प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

निम्नानुसारका शीर्षकमा केन्द्रीकृत रही प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको छ ।

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु सुझावहरू सङ्कलन
- कार्यक्रममा सङ्कलन गरेका रचनात्मक सुझाबहरुलाई समावेश गरेर अन्तिम प्रतिवेदन तयार गरिनेछ।

**परिवर्तन गाउँपालिका, रोल्पा**
**आर्थिक बर्ष २०८१/०८२ को**
**सामाजिक परीक्षक परिबेदन**

# ६. गाउँपालिकाको संक्षिप्त परिचय

लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लामा अवस्थित परिवर्तन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय परिवर्तन, रोल्पा साविक राङ्कोट, राङ्सी, कुरेली, कोल्बोट इरिवाङ र पाछावाङ सहित ५ गाविस समाहित गरि यो गाउँपालिकाको निर्माण गरिएको हो। रोल्पा जिल्लाको १० वटा स्थानीय तह मध्ये एक हो।यो गाउँपालिका देशमा सङ्घीयता लागु भए पश्चात २०७४ भाद्र २७ गते स्थापना भएको हो। यो गाउँपालिका भौगोलिक हिसाबले पहाड गाउँपालिका हो । यस गाउँपालिकाका अधिकाँश भू—भागहरु पहाडी क्षेत्रमा पदर्छ।

परिवर्तन गाउँपालिका भौगोलिक हिसाबले ८२°२८' देखि ८२°३९' डिग्रि पूर्व देशान्तर तथा २८°२४' देखि २८°३४' डिग्रि उत्तरी आक्षांस सम्ममा फैलिएको छ। जम्मा १६३.०१ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिका पूर्वी सिमानामा थवाङ्ग गाउँपालिका, पश्चिममा गंगादेव गाउँपालिका र रुकुम पश्चिम, रुकुम पूर्व र दक्षिणमा माडी गाउँपालिका र रोल्पा नगरपालिका पर्दछन्। यस गाउँपालिकाको औषत अधिकतम तापक्रम ३१.२ डिग्रि सेल्सियस तथा हिउँदमा न्यूनतम ३.६ डिग्रि सेल्सियस सम्म रहन्छ।समुद्र सतह देखि १०००-२००० मी. उचाइमा रहेको यस क्षेत्रको हावापानी उच्चा शितोष्ण प्रकारको रहेको छ र वार्षिक सरदर वर्षा अन१३.८८ मि.मि. देखि १८.३६ मि.मि. हुने गरेको छ। यस गाउँपालिकामा ३ वटा प्रारम्भिक बालबिकाश, २६ वटा प्रारम्भिक, ५ वटा आधारभूत, ९ वटा माद्यामिक विद्यालय, ३ वटा उच्च माद्यामिक विद्यालयहरु रहेका छन् । यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने बासिन्दाहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी मगर जनजाती तथा आधिबासी, दोस्रोमा क्षेत्रि र तेस्रोमा पहाडी दलित मानिसहरुको बसोबास रहेको छ । यसरी २०७८ को जनगणना अनुसार यस गाउँपालिकामा पुरुष ९९८५ र महिला ११६८६ गरी जम्मा जनसंख्या २१६७१ जना रहेको छ । यस गाउँपालिकाको औषत पारिवारीक आम्दानी कृषि व्यवसायमा सबैभन्दा ठूलो हिस्सा रहेको छ भने स्थानीय बासिन्दाहरुको आम्दानी उद्योग व्यापार र सेवामूलक व्यवसाय नोकरीको साथै वैदेशिक रोजगारी रहेको छ। परम्परागत कृषि प्रणालीको विकल्प खोजिरहेका यहाँका बासिन्दाहरु आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । जसको फलस्वरुप यहाँका स्थानीय वासिन्दाहरु मजदुरी तथा उच्च शिक्षाको बहानामा बिदेशिने क्रम दिनानुदिन बढिरहेको छ। यस गाउँपालिका भित्र उच्च शिक्षासम्म प्रदान गर्नुका साथै प्राविधिक तथा गुणस्तरीय शिक्षा अध्ययनको लागि शैक्षिक संस्थाहरु पर्याप्त नभएकै कारण पढ्नुका साथै सहज जिवनयापनका लागि विद्यार्थीहरु बाहिरिने गरेका छन्।

यस गाउँपालिकाको योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा अत्यावश्यक योजनाको लागि आर्थिक व्यवस्थापनमा कठिनाई रहेको कारण गाउँपालिकाले अपेक्षाकृत विकास हासिल गर्न सकिरहेको छैन। विभिन्न समुदाय, जातजातिका मानिसहरुको बसोबास रहेको यस स्थानमा विभिन्न चाडपर्वहरु मनाउने गरिन्छ। दशै, तिहार, मागी, होली, महाशिवरात्री, रामनवमी, कृष्णजन्माष्टमी, क्रिषमस तथा तिज जस्ता पर्व मनाउने चलन रहेको छ।

## क. भौगोलिक अवस्थितिः

- गाउँपालिकाको कुल क्षेत्रफलः १६३.०१ बर्ग कि. मि.

✓ **सीमाना :**

- पूर्व : थवाङ्ग गाउँपालिका
- पश्चिम : गंगादेव गाउँपालिका र रुकुम पश्चिम
- उत्तर : रुकुम पूर्व

- दक्षिण : माडी गाउँपालिका र रोल्पा नगरपालिका

- यस गाउँपालिका समुन्द्र सतहदेखि १०००-२००० मिटरको उचाइमा रहेको छ ।

## ख.राजनैतिक र प्रशासनिक विभाजन :

- प्रदेश : लुम्बिनी
- जिल्ला : दाङ

## ग. जनसाङ्ख्यिक विवरण : ( गाउँपालिका प्रोफाइल २०७८ अनुसार) कूल

राष्ट्रिय जनगणना २०७८ अनुसार परिवर्तन गाउँपालिकाको कुल घरधुरी संख्या ४६८२, जनसख्या २१,६७१ छ भने जसमा पुरुष ९९८५ र महिला ११६८६ रहेको छ । जातजातीको आधारमा सबै भन्दा धेरै मगर जाति ४९.९ प्रतिशत, क्षेत्री ३७.३ प्रतिशत, दलित ११.३ प्रतिशत, ठकुरी ०.३ प्रतिशत, बादी ०.३ प्रतिशत, नेवार ०.३ प्रतिशत, दशागी ०.२ प्रतिशत, पहाडी प्रामण ०.२ प्रतिशत र अन्य ०.३ प्रतिशत रहेका छन्। त्यस्तै सबैभन्दा बढी हिन्दुधर्म माने ८०.२ प्रतिशत, प्रकृति १५.४ प्रतिशत, किस्चियन २.९ प्रतिशत, १.९ बौद्ध प्रतिशत र मुस्लिम ०.०३ प्रतिशत रहेका छन् ।

आर्थिक रुपमा सक्रिय (१५-५९। उमेर समुहका जनसंख्या १२९१५ जना अर्थात ५९.५९ प्रतिशत रहेको छ । जनसंख्याको प्रवृत्ति विश्लेषणमा सहयोग हुने दृष्टिकोणले राष्ट्रिय जनगणना २०७८ अनुसारको घरधुरी तथा जनसंख्या सम्बन्धी बडागत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

## घ. शिक्षा तथा शैक्षिक संस्थाको विवरण

- समुदाय स्तरको बाल विकास केन्द्र सङ्ख्या : ४
- प्रारम्भिक विद्यालय :२६
- आधारभूत विद्यालय :४
- माध्यमिक विद्यालयः१३
- बोर्डिंग स्कुल :४
- प्राविधिक तथा व्यवसायिक शिक्षा : ०
- सामुदायिक क्याम्पसः ०
- गाउँपालिकाको कुल साक्षरता प्रतिशत : ७३.९ प्रतिशत
- महिला ६७.७ प्रतिशत र पुरुष ८१.३ प्रतिशत साक्षरता रहेको छन ।
- बालश्रमिकको संख्या ० जना रहेकोछ छ ।

## ङ खानेपानी तथा स्वास्थ्य सेवाको अवस्था

- खानेपानी : ३९.५ प्रतिशत घरपरिवारले मूलधारा, २.५ प्रतिशत घरपरिवारले खोला/कुवा/इनार र ६६.१ प्रतिशत घरपरिवारले पाईपको धाराको पानि पिउने गरेका छन्।
- खानेपानी मुहान संरक्षण तथा मुहान देखि मुख सम्म स्वच्छ र सफा पिउने पानीको प्रवन्द्ध गर्ने कार्यक्रम निरन्तर भैरहेको ।
- स्वास्थ्य संस्था : ९ वटा

- जन्म दर्ताः **१४३**
- मृत्यु दर्ताः **२२**
- विवाह दर्ताः **५३**
- बसाइ सराइ आएकोः **१,** बसाइ सराइ **गएको =८**
- शिशु र बाल मृत्युदर : ०
- मातृ मृत्युदर : ०
- प्रोटोकलअनुसार ४ पटक प्रसूति पश्चात् स्वास्थ्य जाँच : ७५.७१%
- गर्भवति अवस्थामा खोप पाएका महिला : ८०.१%
- तलिमप्राप्त स्वास्थ्यकर्मीहरुको सहयोगमा स्वास्थ्य चौकीमा जन्मेका शिशु : ५९.५२%
- ५ वर्ष मुनीका खोप पाएका नवजात शिशु : ८० प्रतिशत (अनुमानित )
- बिरामि हुँदा स्वास्थ्य उपचारका लागि स्वास्थ्य संस्थामा पुग्न लाग्ने समय न्यूनटम ३० मिनेट अधिकतम ५/६ घण्टा सम्म
- जनचेतनामुलक स्वस्थ्य सिविर सञ्चालन, आमा समुहहरु गठन, परिचालन तथा सुदृढिकरण कार्यक्रमहरु सञ्चालन।

## च. रोजगारी र पेशाको अवस्था

- कृषि उत्पादन : २८% उत्पादन हुने कृषि क्षेत्र कृषिमा
- व्यापार तथा उद्योग : १.७५६वर्ग किलोमिटर
- बैदेशिक रोजगारि : कृषिको विकल्प बैदेशिक रोजगारी भएको हुँदा गाउँपालिकाका बासिन्दाहरु पुख्र्यौली थलो छोडी विदेशिने क्रम बढ्दो छ। राष्ट्रिय जनगणना २०७८ को अनुसार यस गाउँपालिकाको कुल जनसंख्याको झण्डै २३८३ जना झन्डै १०.८१ प्रतिशत मानिसहरु स्थाई वा अस्थाइ रुपमा देश छोडर बाहिर गएका छन्।

## छ. भू—उपयोगको विवरण

| क्र.स. | भू—उपयोग क्षेत्र | क्षेत्रफल (वर्ग किलोमिटरमा) |
|---|---|---|
| १. | बाँझो भूमि | ०.०१२ |
| २. | निर्मित क्षेत्र | १.७५ |
| ३. | बाली क्षेत्र | ०.१८५ |
| ४. | घाँसे मैदान | ०.०८९ |
| ५. | झाडी क्षेत्र | ६२.३०३ |
| ६. | वन क्षेत्र | ९८.६७२ |
| ७. | जल क्षेत्र | ०.००१ |
| | जम्मा | १६३.०१ |

स्रोत :आवधिक योजना

## ज. खाद्य सुरक्षा तथा खाद्य उपलब्धताको अवस्था

- ३ महिना भन्दा  कम खान पुग्ने घरधुरी  १३.१८ प्रतिशत जति घरधुरी
- ३ देखि ६ महिनासम्म खान पुग्ने घरधुरी ३९.६२ प्रतिशत घरधुरी
- ६ देखि ९महिनासम्म खान पुग्ने घरधुरी १५.९९ प्रतिशत जति घरधुरी
- १२ महिना वा सो भन्दा बाढी खान पुग्ने घरधुरी ३१.२१ प्रतिशत जति

# ७. गाउँपालिकाका प्राथमिकता क्षेत्र तथा लक्ष्यहरू :

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यसमा व्यवस्था भएका  गाउँपालिकाले गर्नु पर्ने काम, कर्तव्य र अधिकारहरुको कार्यान्वयन
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन
- विपन्नता स्तरिकरण मापन सर्वेक्षण, गरिबीको कार्ड वितरण
- गाउँपालिकाले निर्माण गरेका विभिन्न कार्यविधि, नीति निर्देशिका, यातायात गुरु योजना तथा  गाउँपालिका पार्श्वचित्र एवम् स्रोत नक्शालाई आधार मानी योजना तथा कार्यक्रम कार्यान्वयन।
- लैङ्गिक समानता तथा सामाजिक समावेसिकरण नीति।
- नगरसभा, विषयगत समिति हुँदै सहभागितामूलक योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकीकरण सहित प्राप्त योजना तथा सुझावहरु।
- सार्वजनिक सुनुवाई, एवम् वार्षिक समीक्षा कार्यक्रमबाट प्राप्त सुझावहरुको कार्यान्वयन ।
- गाउँपालिकाको विकासका लागि भौगोलिक, क्षेत्रगत तथा समावेशी विकासको अबधारणा अनुसार जनप्रतिनिधि, राजनीतिक दल र समय समयमा नगरवासी नागरिकहरुबाट प्राप्त भएका औपचारिक एवम् अनौपचारिक सुझाव तथा ज्ञापनपत्रहरु प्रमुख आधार मानिएको ।

### आर्थिक विकास तर्फ

## कृषि सेवा

“ जैविक खानेकुरा हुन्छ जीवन पुरा ” भन्ने नारा सहित उन्नत र गुणस्तरीय तरकारी विउ विजन वितरण गर्ने कार्यलाई वृहत गराइनेछ ।

- कृषि कार्यक्रमहरु एक द्वार प्रणालीबाट सन्चालन गर्नको लागी कृषि शाखाबाट सन्चालन गर्नुपर्ने र सम्बन्धित समितिबाट अनिवार्य अनुगमन गर्नुपर्ने मान्यता विकास गरिनेछ ।
- कृषि कार्यक्रम तथा बजेट निर्माण गर्दा कृषि गुरुयोजनालाई टेकेर निर्माण गरिनेछ ।
- कृषि कार्यक्रमको लागी बजेट तर्जुमा गर्दा कृषि शाखासंग समन्वय गरी कार्यक्रम अनुसार लागत ईस्टिमेट तयार गरी कार्यक्रम र बजेट निर्माण गरिनेछ ।
- व्यवसायिक कृषकहरु, कृषि समुहहरु तथा कृषि सहकारीहरुको क्षमता अभिवृद्धिको लागी कृषि तालिमहरु सन्चालन गरिनेछ ।

- कृषि प्राविधिकहरुलाई समय अनुकुल नविनतम प्रविधिको बारेमा तालिमको उपलब्धता गरी दक्ष कृषि प्राविधिक जनशक्तिको विकास गर्नुपर्ने कुरामा गाउँपलिकाको ध्यानआकर्षण रहेको छ ।
- किसानहरुमा कृषि सम्बन्धी प्रविधि तथा व्यवहारीक सीपको विकास गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृधी गर्न वडा वडामा कृषि ज्ञान सञ्चार कार्यक्रम लागु गरिनेछ ।
- कृषिमा जोखिम न्यूनीकरण गर्नको लागि निश्चत पूँजि सम्मको व्यावसायीक कृषि गर्नेको हकमा कृषि विमा कार्यक्रम लागू गरिनेछ । सोहीअनुसारको अनुदान प्रदान गरिनेछ ।
- कृषि क्षेत्रको बिकासमा आधार तय भैसकेको हुँदा अगामी दिनमा दिर्घकालिन बालीहरुको पकेट क्षेत्र विस्तार गर्दै र स्थापित पकेट क्षेत्रहरुको स्तर उन्नती गर्नु पर्ने दखिएकोले सोहि अनुसारको कार्यक्रम तय गरिनेछ ।
- उन्नत जातका धेरै आम्दानी मूलक फलफुलका विरुवाहरुको व्यवसायीकरण गरी दिर्घकालीन रुपमा मनग्य आम्दानी लिन सकिने कार्यक्रमको प्रवद्धन गरिनेछ ।
- किसान सुचिकरण कार्यक्रमलाई व्यवस्थीत गरी किसान परिचय पत्र प्रदान गरिनेछ ।
- यस गाउँपालिकामा पर्यायवरणमा आधारीत पुनरुत्पादक कृषि प्रविधिलाई प्राथमिकतामा राखि प्रर्वद्धन गर्ने निति लिइने छ। साथै रैथाने प्रजाती र बालीको प्रर्वधन कार्यक्रम संचालन गरिनेछ।
- वेरोजगार युवालाई कृषिमा आधारित कर्म गर्न यूवा स्वरोजगार कार्यक्रम मार्फत प्रोतसाहन गरिनेछ ।
- संघीय सरकार को वार्षिक निति तथा कार्यक्रम बमोजिम पहाडी क्षेत्रमा उत्पादन हुने बहुआयामिकयुक्त भांगो लाई सही ढंगले प्रयोग हुने गरी उत्पादनलाई बढावा दिइनेछ साथै हेम्प धागो उत्पादनलाई प्रर्वधन गर्न प्रोत्साहीत गरिनेछ ।
- हाम्रो उत्पादन, हाम्रो स्वाभिमान " अभियान अन्तर्गत स्थानीय उत्पादनलाई प्रवर्द्धन र उपयोग गरी बजारीकरण गरिनेछ । साथै उत्पादनलाई बजारीकरण गर्नलाई वित्तिय साक्षरता तथा डिजितल फाइनान्स बारेमा पनि जानकारी गराइने छ ।
- कृषिजन्य उत्पादन लाई दिगो सम्म उपयोगगर्ने हेतुले कोल्डस्टोर निर्माणमा गाउँपालिकाले अग्रसरता लिने छ ।
- कृषिउत्पादनलाई बढावा दिनलाई माटोको गुणस्तरियता परिक्षण पनि गरिने छ त्यसको लागि माटो शिविर, बालि उपचार पद्धति लाई पनि अङ्गिकार गरिने छ ।
- जलवायु मैत्री कृषि उत्पादनलाई महत्वका साथ प्राथमिकतामा राखि कार्यान्वयन गरिनेछ ।
- स्थानिय तहमा उत्पादन हुने फलफूल बाट मदिरा बनाइ ब्रान्डीङ्ग गरिने छ ।
- कृषि उत्पादन लाइ बढावा दिन गाउँपालिकस्तरमा हाट बजार को अवधारणा अघि सारिने छ।

## पशु सेवा तर्फ

- किसानको आयस्तरमा वृद्धी गर्नका साथै पोषण स्तरमा सुधार ल्याउन पशु पालन व्यवसायलाई प्रोतसाहन गरिनेछ, सो का लागीः

- युवा स्वरोजगार कार्यक्रम माध्यमबाट बंगुर पालन कुखुरा पालन वाखा पालन तथा भैसी पालन व्यवसायलाई प्रर्वद्धन गरिने छ ।
- निश्चत पुंजी सम्मको व्यवसायिक पशुपालन गरेका किशान लक्षित पशु विमा कार्यक्रमलाई प्रभावकारी बनाई जोखिम कम गरिने छ ।
- पशु चौपायमा देखिने महामारीजन्य रोग नियन्त्रणका लागी उच्च सतर्कता सहित पूर्व तयारी गरिनेछ।
- नियमित पशुशिविर सञ्चालन गरी गाँउघरमा पशुमा देखिने रोग नियन्त्रण गरिनेछ ।
- मासुजन्य पसलहरुलाई सरसफाई, गुणस्तरयुक्त बनाउन सचेतना अभिवृद्धी गरिनेछ ।
- बेलाबखतमा पशुपन्छीमा विभिन्न किसिमको महामारी रोग फैलिई पशुधनको क्षती हुनेहुँदा पशु विमा र पशुपञ्छी विपद् व्यवस्थापन कोषको व्यवस्थापन गरिनेछ ।
- पशुजन्य बस्तुलाई विभिन्न बजारमा निकासी गर्न सहुलियत पूर्ण कर लगाइने छ ।
- पशुपन्छीलाई लाग्ने विभिन्न रोगका विरुद्ध प्रयोग हुने औषधिजन्य सामाग्री को समयअगावै व्यवस्थापन गरिने छ ।
- पशु सेवातर्फका प्राविधिकहरुबाट कृषकको कार्यस्थलमै आवश्यक सेवा दिन कृषकसँग पशु

  प्राविधिक कार्यक्रम सञ्चालन गरिने छ ।
- दुध डेरि संकलन केन्द्र को अवधारणा अगाडि बदाइनेछ ।
- मासुजन्य खाद्य सामाग्री हरुको सन्दर्भमा आत्मनिर्भर उन्मुख बन्न प्रयत्न गरिनेछ ।

## सहकारी

- राज्यको तीन खम्बे नीति अनुरुप छरिएर रहेको सुक्ष्म पुँजीलाई एकीकृत गरी उद्यमशीलता, स्वरोजगारलाई बढावा दिदै, सहकारी क्षेत्रको सबलीकरण, सुदृढीकरण र नियमित गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
- वित्तिय साक्षरता र ज्ञान वृद्धीका लागि वित्तिय संस्था तथा सहकारी पदाधिकारीहरुलाई आधारभूत तथा लेखा सम्बन्धी तालिम कार्यक्रम आगामी वर्ष प्रदान गरिनेछ ।
- सहकारीको मुल्यमान्यतामा आधारित भई रोजगारी सिर्जना पूँजि परिचालन र सेवा प्रवाहको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने सहकारी संस्थालाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- बहुउद्देश्य प्रकृतिको सहकारी प्रत्यक वडामा बनाउने अवधारणा अघि सारीने छ।
- समुह तथा सहकारी को अनुगमन तथा नियमन लाइ व्यवस्थित गरीने छ।

## खानेपानी ,सिंचाई तथा जलाधार संरक्षण

- गाउँपालिकावासीलाई शुद्ध पिउने पानीको व्यवस्था गर्न एक घर एक धाराको नीति लाई अवलम्बन गरिनेछ ।
- खानेपानीको पाइप लाईन मर्मत तथा सम्माभार एवम नयाँ खानेपानी मुहानहरुलाई पहिचान गरी उपयोग संगै संरक्षण गरिनेछ ।
- कृषि क्षेत्रको सिचाईको लागि पोखरीहरु निर्माण गरी सुरक्षित र भरपदों बनाइनेछ ।
- साना सिचाई, मूल संरक्षण र विकास, कुलो निर्माण तथा वर्षातको पानी संकलन गरी सिचाई सुविधा प्रवर्द्धन गरिनेछ ।
- ठूला सिचाई आयोजना कार्यान्वयनको लागि प्रदेश र संघीय सरकार समक्ष समन्वय गरी अघि बढाईनेछ ।
- जलाधार संरक्षणको कार्यलाई समुदाय स्तरबाटै व्यवस्थापन गर्न जल उपभोक्ता समिती गठन गरि विधान बनाइ दर्ता कार्यलाई तिव्रता दिईनेछ ।
- खानेपानी  शुद्धता को लागि खाने पानि जाँच गरी शुद्धिकरण गरिने छ ।

## पर्यटन

- परिवर्तन गा.पा. भित्र रहेको पर्यटकीय दृष्टिकोण ले सम्भावित स्थलहरु लाई पहिचान गरी स्वदेश तथा विदेश का विभिन्न स्थल सम्म प्रचारप्रसार गर्न भिडियो डुकुमेन्ट्रि निर्माण गरिनेछ
- मेला तथा प्रर्दशनी मार्फत आर्थिक चलायमान बढाउदै जनताको समृद्धि बढाउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- परिवर्तन गा.पा. का स्थानहरुलाई पर्यटकीय गन्तव्य बनाउन वडा नं. ३ मा रहेको परिवर्तन पार्कलाई सुन्दर बगैचाको रुपमा चित्रन गरी यसको प्रचार प्रसारमा जोडबल गरिनेछ ।
- विगतमा जनयुद्ध बेला परिवर्तन गा.पा. २ मा रहेको वर्तमान प्रधानमन्त्री प्रचण्ड निवासलाई युद्ध पर्यटन र युनिकोट मन्दिरलाई धार्मिक पर्यटनको रुपमा प्रबंधन गरिनेछ ।
- विगतमा जनयुद्ध ताका जीवन उत्सर्ग गर्ने वीर सहिदहरुको सम्झना स्वरुप शहिद स्मृती पार्क निर्माण गरीने छ।
- शहिद राजमार्ग अन्तर्गत दुइखोली-थवाङ सडक र दुइखोलि चुनवाङ सडकलाई यथासक्य स्तरोन्नति गर्न लगाई थवाङ, जलजला महत, तकसेरा जाने पर्यटकको लागि परिवर्तन गा.पा. लाई ट्रान्जिट पोइन्ट को रुपमा विकास गरिनेछ ।
- अन्तर गाँउपालिका सम्बन्ध प्रवद्धन गर्दै अन्य स्थानिय तहहरुका असल अभ्यासलाई अनुशरण गरी पर्यटन प्रर्वद्धन गर्न भगिनि सम्बन्ध विस्तार गरीनेछ ।
- सुकिदह लाइ युद्ध तथा धार्मिक पर्यटन को रुपमा प्रवद्धन गरिने छ तथा गुरीचौर छडकेधुरी देखि फुलबारी हुदै थवाङ जोडने गुरिल्ला मार्गलाई सतरउन्नति गर्ने । कालापोखरा तथा रिपीतर टावर लाइ पर्यटकीय गन्तव्यको रुपमा प्रवद्धन गरिने छ ।
- गाउँपालिका को प्रवेशद्धार हरुमा शहिदस्मृति द्धार निर्माण कार्य अघि बदाइने छ ।

## रोजगारी

- वैदेशिक रोजगारीमा जान चाहने का लागि सुरक्षित बैदेशिक रोजगारि सम्बन्धी समुदायस्तर गहण अभिम्स्खिकरण कार्यक्रम पनि सञ्चालन गरिने छ ।
- रोजगार सेवा केन्द्रमा गा.पा. भित्रका विपन्न परिवारका बेरोजगार व्यक्तिहरु सुचिकरण गरी न्यूनतम १०० दिनको रोजगारी प्रत्याभूती गर्ने कार्यको लागि गा.पा. भित्र योजनाहरुमा रोजगारी सिर्जनालाई प्राथमिकता दिईनेछ ।
- मासिक बैठक तथा अनुगमन गर्न र नयाँ लघु उद्यमी सृजना गर्न केही बजेट उद्यम शाखा तर्फ विनियोजन गरिनेछ ।
- श्रमको सम्मान राष्टको अभियान सम्बन्धी क्रियाकलाप संचालन गरीनेछ। त्यसैगरी कार्यस्थलमा आधारीत सीप क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम पनि सञ्चालन गरीनेछ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिष्पर्दा गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण गरिनेछ ।
- पुनःएकीकरण कार्यक्रम मार्फत वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिअरुको क्षमता विकास तथा अभिवृद्धीकाका लागि उद्यमसील तथा सीपमूलक तालिम संचालन गरिनेछ ।
- आगामी आ.व.देखी वैदेशिक रोजगारीमा जान चाहाने व्यक्तिहरुका लागि श्रम स्वीकृति लिने सम्बन्धमा सहजिकरण गरिनेछ ।
- बेरोजगारीहरुको समस्यालाई केही हदसम्म समाधान गर्न स्थानीय तहबाट संचालित हुने आयोजनाहरुमा हेवि इक्वपमेन्ट प्रयोग नहुने ठाउँमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई काममा लगाइनेछ ।
- वैदेशिक रोजगारलाई सुरक्षित र भरपर्दो बनाइने छ साथै मृतकको परिवारले पाउने क्षतिपूर्ति सहज र सजिलो बनाई विचौलियाको माध्यमबाट क्षेतिपूर्ति पाउने व्यवस्था अन्त्य गरिनेछ ।
- सुरक्षित आप्रवासन कार्यक्रम सामि कार्यावन्यन गर्न गाँउपालिकाले सघिय सरकार संग साझेदारी गरी कर्मचारी खटनपटन गराइ थप भरपर्दो र प्रभावकारी बनाएर लगिनेछ ।

## <u>सामाजिक क्षेत्र</u>

### स्वास्थ्य :

जनताको आधारभूत स्वास्थ्य सेवा सुविधामा पहुच पुर्‍याउन देहायको नीति तथा कार्यक्रम सञ्चालन गर्ने :

- २०८१/८२ को आ व मा यस गाउँपालिका भित्र जेरियाटक तथा लैंगिक हिंसा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने ।
- परिवर्तन गाउँपालिका भित्रका समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम पनि सम्पन्न गर्ने ।

- सबै स्वास्थ्य संस्थाहरुमा मधुमेह रक्तचापको निःशुल्क जाँचको व्यवस्था गर्ने ।

- सबै सामुदायिक सेवा केन्द्र हरुलाई मापदण्द पुरा गरेर क्रमिक ढङ्गले प्रसुति सेवा केन्द्रको रुपमा रुपान्तरित गर्ने ।

- विपन्न आय भएका विपन्न परिवारका सुनौलो हजार दिनका आमा तथा बालवालिकाहरुलाई पोषणयुक्त खानाको पहुँच बढाउने ।

- १५ शैयाको अस्पताल निर्माणको सन्दर्भमा थप म्यादभित्र भवन निर्माण सम्पन्न गर्न ताकेता गर्ने ।

- वस्तीस्तरमा स्वास्थ्य शिविर सञ्चान गर्ने कार्यलाई निरन्तर र विस्तार गर्ने ।

- संस्थागत सुत्केरीलाई प्रर्वद्धन गर्दै शुन्य होम डेलिभरी कायम गर्न सुत्केरीलाई केही रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने व्यवस्था गर्ने । त्यसैगरि निःशुल्क स्वास्थ्य सेवाको लागि वितरण गरीने औषधी खरिद गर्न केही निश्चित मात्रामा बजेट विनियोजन गर्ने ।

- किशोरी अवस्थामा हुने गर्भाधारण र असुरक्षित यौन सम्बन्ध जस्ता क्रियाकलाप लाई न्यूनिकरण गर्न समुदाय र विद्यालय स्तरमा यौन शिक्षा र प्रजनन् स्वास्थ्य शिक्षालाई विस्तार गर्ने ।

- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोतसाहन गर्ने कार्यक्रम गर्ने ।

- पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि निरन्तरता दिने ।

- नेपाल सरकारको नीति अनुरुप स्वास्थ्य संस्था मार्फत निःशुल्क प्राप्त हुने सबै प्रकारका औषधीको प्राप्तीको सुनिश्चितताको लागि कदम चाल्ने ।

- बहुक्षेत्रीय पोषण कार्यक्रम संग सम्बन्धी क्रियाकलापहरुको नियमित अनुगमन गर्ने ।

- वालविकास केन्द्र तथा विद्यालयहरुमा ध्बक्ज कर्नरको व्यवस्था गर्ने ।

- विद्यालय स्तरमा दिइने दिवा खाजाको लागी स्थानीय स्तरमा उत्पादित वस्तुलाई खाजाको रुपमा प्रर्वद्धन गर्ने ।

- गर्भवती अवस्थामा गर्भवती महिलालाई मानसिक रुपमा सबल, शारीरीक रुपमा बलियो र समाजिक, साँस्कृतिक रुपमा इज्जतिलो बनाउन गर्भवती उत्प्रेरणा कार्यक्रम बनाउने ।

- अपांग, अल्पसंख्यक, लोपउन्मुख समुदायसंग सम्बन्धीत व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रम तय गर्ने।

- द्वन्द्व को कारणले मृत्यू भएको व्यक्तिको परिवार लाई गरिएको स्वास्थ्य विमा कार्यक्रलाई निरन्तरता गर्ने ।

- स्वास्थ्य संस्थाहरुको पुर्वाधार निर्माणमा जोड दिइनेछ तथा सेवा प्रवाहले पछि परेको ठाउँहरुमा सामुदायिक स्वास्थय इकाइ केन्द्र स्थापना गरि सेवा प्रवाह गर्ने ।

## शिक्षा तथा खेलकुद

"समृद्धीको आधार, शिक्षामा नै सुधार " भन्ने नारालाई आत्मसाथ गर्न निम्न खालको निति तथा कार्यक्रमहरु उपयोगी सिद्द हुनेछन् ।

- शैक्षिक पूर्वाधारको विकास दक्ष जनशक्ति एव शिक्षण सामग्रीको व्यवस्था र नविनतम प्रविधिको प्रयोग गरी गुणस्तरिय र जीवन उपयोगी शिक्षा प्रदान गर्ने । त्यसैगरी विद्यालयहरुको नियमित अनुगमन र नियमनलाई थप प्रभावकारी बनाई "शिक्षामा लगानि, परिवर्तनमा शुभ विहानि" भन्ने मान्यता लाई स्थापित गर्ने ।

- विद्यालय बाहिर रहेको अति विपन्न र सिमान्तकृत वर्गको पहिचान गरी विद्यालयमा ल्याउन र टिकाउन सबै किसिमको प्रयास गर्ने

- परीवर्तन गाउँपालिका सबै विद्यालयहरुमा गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि खानेपानि, शौचालय, खेलमैदान, घेरबार, दिवाखाना, प्रयोगशाला, कम्पुटर ल्याब छात्रवृत्ति जस्ता शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

- शिक्षण सिकाइ क्रियाकलापलाई आधुनिक र प्रविधिमैत्रि बनाउदै लग्ने ।

- स्थानिय स्तरमा भएको कला, संस्कृति भेषभुषा, भाषा तथा दिग्गज व्यक्तित्वलाइ समेती स्थानिय पाठ्यक्रम तर्जुमा गरी आगामि शैक्षिक सत्र देखि लागु गर्ने ।

- विषयगत शिक्षक र वालविकास शिक्षकको क्षमता अभिवृद्धि तालिमको व्यवस्था गर्ने ।

- सामुदायिक विद्यालयका सबै शौचालयलाई आधुनिक अपाङ्ग तथा वालमैत्रि बनाउने अभियान सुरु गर्ने ।

- सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि लगायतको बहुआयामिक उन्नतिको लागि अनुगमन प्रणालीलाई नियमित, व्यवस्थित र परिणामुखि गर्ने ।

- गाउँपालिकामा रहेको सबै सामुदायिक विद्यालयहरुमा शिक्षक छनौटको आर्थिक व्ययभारको लागि रकम छुट्टाई शिक्षक छनौटमा सहजिकरण गर्ने ।

- सामुदायिक विद्यालयका सबै प्र.अ. हरुको प्रशासनिक र वि. व्य. स. अध्यक्षहरुको व्यवस्थाकिय क्षमता अभिवृद्ध गर्न विशेष तालिमको व्यवस्था गर्ने ।

- शैक्षिक पहुचमा सुनिश्चतता कायम गर्न अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम सन्चालन गर्ने ।

- नेपालको सँविधानमा व्यवस्था भएको शिक्षा सम्बन्धि मौलिक हकलाई कार्यान्वयन गर्न गाउँपालिकामा मा वि (९-१०) तह सम्मको शिक्षालाई निशुल्क बनाउन प्रभावकारी ढङ्गले कार्यान्वयनमा लग्ने ।

- गाँउपालिका स्थित खेलकुद मैदान धामाचौरलाई शहिद समृति रङगशालाको रुपमा विकास गर्ने गरी काम अगाडी बढाउने । साथै रङ्गशाला लाई आधुनिक तथा प्याराफिटयुक्त बनाउने ।

- युवाहरुलाई रोजगारमा आकर्षित गर्न विभिन्न खालको तालिम तथा व्यवसायिक अनुदानको व्यवस्था गर्ने । साथै युवापंक्ति लाई कुलत तथा खराब संगत बाट टाढा राख लाई राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप लाई निरन्तरता प्रदान गर्ने ।

- दक्ष जनशक्ती उत्पादन गर्ने गरी विज्ञान, गणित तथा अंग्रेजी विषयमा स्नातक र स्नातकोत्तर साथै कृषि र पशु तर्फ स्नातक र स्वास्थ्य तर्फ अध्ययन गर्नको लागि प्रदान गर्ने छात्रवृत्ती निरन्तरता दिने ।

- आगामि आ व देखि गाँउपालिका भित्रका सो विद्यालयहरुमा १ देखि ३ कक्षा सम्ममा अंग्रेजी माध्यम द्वारा अध्यापन गराइने गरि वातावरण मिलाउने ।

- शिक्षामा अभिभावकलाई सक्रिय बनाई सामुदायिक विद्यालयलाई गुणस्तर कायम गर्न सञ्चालन सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि लगायतको बहुआयामिक उन्नतिको लागि अनुगमन प्रणालीलाई नियमित, व्यवस्थित र परिणामुखि गराउने ।

- गाउँपालिकामा रहेको सबै सामुदायिक विद्यालयहरुमा शिक्षक छनौटको आर्थिक व्ययभारको लागि रकम छुट्टाई शिक्षक छनौटमा सहजिकरण गर्ने ।

- सामुदायिक विद्यालयका सबै प्र.अ. हरुको प्रशासनिक र वि. व्य. स. अध्यक्षहरुको व्यवस्थाकिय क्षमता अभिवृद्ध गर्न विशेष तालिमको व्यवस्था गर्ने ।
- शैक्षिक पहुचमा सुनिश्चतता कायम गर्न अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम सन्चालन गर्ने ।

- नेपालको संविधानमा व्यवस्था भएको शिक्षा सम्बन्धि मौलिक हकलाई कार्यान्वयन गर्न गाउँपालिकामा मा वि (९-१०) तह सम्मको शिक्षालाई निशुल्क बनाउन प्रभावकारी ढङ्गले कार्यान्वियनमा लग्ने ।

- गाँउपालिका स्थित खेलकुद मैदान धामाचौरलाई शहिद समृति रङगशालाको रुपमा विकास गर्ने गरी काम अगाडी बढाउने । साथै रङ्गशाला लाई आधुनिक तथा प्याराफिटयुक्त बनाउने ।

- युवाहरुलाई रोजगारमा आकर्षित गर्न विभिन्न खालको तालिम तथा व्यवसायिक अनुदानको व्यवस्था गर्ने । साथै युवापंक्ति लाई कुलत तथा खराब संगत बाट टाढा राख लाई राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप लाई निरन्तरता प्रदान गर्ने ।

- विद्यालयको अनुगमन र मूल्याङकन साथै विद्यार्थीको शिक्षण सिकाइ उपलब्बधी राम्रो बनाउन कक्षा ५ र ८ को परिक्षालाई गाउँपालिका स्तरीय बनाउने ।

- कक्षा ८ तथा १० को नतिजा सुधार गर्न गणित विज्ञान अंग्रेजी विषय जस्ता चुनैतीयुक्त विषय सम्बन्धमा विषयगत शिक्षक हरुलाई आवश्यक तालिम तथा प्रशिक्षण प्रदान गर्ने ।

- शिक्षामा भएको विभेदीकरण को अन्त्य हुने अभियान चलाउने ।

## खानेपानि तथा सरसफाई फोहरमैला व्यवस्थापन :

- स्वच्छ मुहान बाट पिउ पानी, मुल संरक्षण गर्न बसालौ बानी " भन्ने नारा लाई आत्मसाथ गर्दै खानेपानीको मुहानहरुलाई संरक्षण र उचित व्यवस्थापन गर्दै दिर्घकालिनसम्म उपयोग गरिनेछ । साथै हरेक मुहानको दर्ता गर्ने प्रक्रिया अघि बढाउने ।

- गाउँपालिकाको गौरबको आयोजनाको रुपमा रहेको पूर्णसरसफाई कार्यक्रमलाई निरन्तरता दिदै यसको प्रभावकारी प्रतिफलयुक्त कार्यान्वयनमा ध्यान दिने ।

- विगत देखि नै चर्चामा रहेको गुरीचौर सेलिखर्क खानेपानि तथा सरसफाई आयोजना लाई पुर्णता दिने गरी अगाडी बढाउदै संरक्षण गर्ने ।

- खानेपानिलाइ अब मीटर रिडिगं प्रणालि अनुरुप अघि बढाउने ।

- परिवर्तन गाउँपालिका भित्रका मुख्य बजारहरु जस्तै बागमारा, पुत्लाचौर, दुइखोलि, पोखरा बजार खरिबोट हरुमा फोहोरमैला व्यवस्थापन गर्न लागि प्रयासरत गर्ने ।

- सार्वजनिक स्थल पाटी पौवा लगायतका क्षेत्रहरुमा आवधिक रुपमा सरसफाई कार्यक्रम अगाडि ल्याउने ।

- फोहोरको पुनः प्रयोग र प्रशोधन गर्ने गरि निति कार्यान्वयन गर्ने ।

## कला तथा संस्कृति

- विभिन्न खालको धर्म, भाषा, कला, संस्कृति, भेषभुषा, रहनसहन साहित्य हरुको संरक्षण र सम्वर्द्धनार्थ विभिन्न जनचेतनामुलुक कार्यक्रमहरु संरक्षण गर्ने ।

- गाउँपालिकाभित्र आयोजना हुने महोत्सवहरुमा विविध जातिय भेषभुषा कला साहित्य संगित लगाएतको झाँकी सहित प्रदर्शन गर्ने निति लिइने।

- गाउँपालिकाभित्र बोलिने मगर जातिको मातृभाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपि तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने निति लिइने ।

- समुदायगतरुपमा रहेको धर्म जातजातिको रिति रिवाज अनुसारको परम्परागत मेला, कुल पुजा धार्मिक स्थल लगाएतका साँस्कृतिको अवयवहरुको संरक्षणमा विशेष ध्यान दिने ।

- स्थानिय कलाकार को प्रतिभालाई विभिन्न मञ्च दिएर कला प्रष्फुटन गर्ने अवसर प्रदान गर्ने ।

- यस गाँउपालिका भित्र नाचिने भुमेनाच, पैसरी नाच, बैजरु नाच, मयुर नाच र साईलाबरै जस्ता लोकभाका लाई गाउपालिका को पुँजि तथा सम्पति को रुपमा संरक्षण गरी भिडियो डकुमेन्ट्री को रुपमा निर्माण गरी प्रचारप्रसार गर्ने ।

## सामाजिक सुरक्षा, लैगिंक समानता, महिला सशक्तिकरण तथा सामाजिक समावेशिकरणः

- सामाजिक न्याय सहित को सामाजिक सुरक्षा कायम गर्न स्थानिय सरकार लागि रहनेछ । सेवाप्रवाहलाई चुस्त र दुरुस्त गर्न सामाजिक सुरक्षा भत्ता लाई बैंकिङप्रणालि इ एफ टी मार्फत अघि बढाउदै आएको सेवालाई निरन्तरता कायम गर्ने ।

- महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ घोषणा पत्रका १२वटा प्रतिबद्धताहरुको क्षेत्रमा कार्यक्रम तय गरि कार्यान्वयन गरिनेछ साथै दिगो विकास लक्ष्यहरुलाई आत्मसाथ गरि स्थानीयकरण गर्दै गाउँपालिकाका योजनाहरुलाई लैगिंक समानता तथा सामाजिक समावेशिकरणको मर्म अनुरुप कार्यान्वयन गर्ने।

- संयुक्तराष्ट्रसंघिय बाल अधिकार महासन्धि १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्ने सम्बन्धमा कार्यक्रम तय गरी बजेट विनियोजन गर्ने ।

- महिला विरुद्धहुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघिय सुरक्षा परिषदबाट पारित बदाँ नं १३२५ र १८२० को कार्यान्वयन को लागि स्थानिय सरकार ले कार्यक्रम तय गरि सो उपर बजेट बिनियोजन गर्ने ।

- जेष्ठ नागरिक, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति एकल महिला, दलित, आदिवासी जनजाती लोपोन्मुख र सीमान्तकृत समुदायको सम्मान तथा संरक्षणमा ध्यान दिने ।

- बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको दृष्टिले निर्दिष्ट बजेटमा निश्चित प्रतिशत हुने गरी लैगिंक बजेट तर्जुमा गर्ने पद्धतिलाई अंगिकार गर्ने ।

- घरेलु हिंसा र लैङ्गिक हिंसाका पिडित महिला तथा बालवालिकाहरुलाई पुनर्स्थापना गर्न सुरक्षित र मर्यादित आश्रयस्थल सेफ हाउस स्थापना गर्न प्रयत्न गर्ने ।

- बालविवाहलाई निर्मुल गर्न किशोरीसञ्जाल मार्फत पनि सचेतनामूलक कार्यक्रम गरिने छ साथै छोरीहरुलाई माध्यमिक तहसम्म निशुल्क तथा अनिवार्य शिक्षाको ग्यारेन्टि गर्न आवश्यक नितिगत र कार्यक्रम सहित प्रबन्ध गर्ने ।

- गाउँपालिकाको सामाजिक आर्थिक विकासका लागि वडा तथा पालिकास्तरीय महिला सञ्जालहरुलाइ प्रभावकारी रुपमा परिचालन गरीनेछ । महिला सहकारी संस्था, आमा समूह र समितिहरु को लागि छुट्टै भवनहरु निर्माण तथा मर्मत सम्भार गर्ने ।

- गाँउपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनालाई अपाङ्गमैत्री, बालमैत्रि र लैङ्गिकमैत्रि बनाइने निति कार्वान्वयन गर्ने ।

- लैङ्गिक हिंसा निवारण कोषमा कम्तिमा वार्षिक रु१००००० अक्षेरुपि एक लाख रुपैया रकम जम्मा गर्दै जाने र हिंसा प्रभावित महिलाहरुलाई कानुनि परामर्श, उपचार खर्च तथा जिविकोपार्जनका लागि अनुदान कोषबाट उपलब्ध गराउने ।

- लैङ्गिक हिंसा, बालविवाह, सामाजिक विभेद, शोषण, कुरिति, अन्धविश्वास हटाउन टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालसमुह लगायत सामुदायिक स्तरका संस्थाहरु लाई स्वयंसेवि रुपमा परिचालन गर्ने ।

- गाँउपालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइनेछ र बार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण (GESI AUDIT) लाई निरन्तरता दिने ।

- महिलाहरुको आर्थिक तथा सामाजिक हैसियत बढाउने खालका सीप तथा क्षमता विकास र रोजगारमुलक कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

- अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिने ।

- गाउँपालिका भित्रका उपभोक्ता समुह बाट कार्यावन्यन हुने कार्यक्रम तथा योजना हरुमा महिला श्रमिक बाट सेवा लिदा समान काम समान ज्याला भन्ने निति लाई अङ्गिकार गर्ने ।

- अपाङ्गता सम्बन्धी सचेतना बढाउनको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता बमोजिमको सहायक सामग्रि वितरण र सीपमुलक कार्यक्रमलाई प्राथमिकता दिने ।

- सरकारले सेवा करार लिदा महिला, आदिवासि जनजाति, दलित, सहिद वेपत्ता घाइते र द्धन्द्ध पिडित परिवारलाई विशेष आरक्षण सहितको प्राथमिकता प्रदान गरिने निति अङ्गिकार गर्ने ।

- युगौ देखि हुदै आएको जातिय विभेदलाइ अन्तय गर्न विभिन्न खालका कार्यक्रम अघि बढाउने । बाकी रहेको वडा तथा पालिका लाइ छुवाछुतमुत्त घोषणा कार्यक्रम गर्ने । त्यसैगरी एतिहासिक कालदेखि दलित तथा शिल्पि समुदायले जीवन निर्वाहको रुपमा अपनाई आएका परम्परागत पेशालाई व्यावसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानि सहयोग गर्ने ।

- नेपाल सरकाले प्रदान गर्दै आएको वालपोषण भत्तालाई पोषणमा सुधार ल्याउने गरी प्रभावकारी रुपमा अनुगमन गर्दै वालवालिकाको पोषणमा सुधार ल्याउने व्यवस्था गर्ने ।

- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई विगतबाट शिक्षा लिएर प्रभावकारी पोषणमा सुधार ल्याउने ।

## <u>पूर्वाधार क्षेत्र</u>

### सडक भवन पुल तथा शहरीकरण

- विकासको जिवन मार्ग (लाइफ लाइन) को रुपमा रहेको सडक सञ्जाल लाइ स्तरोन्नति गरी आर्थिक गतिविधि हरु लाइ चलायमान गर्दै ग्रामिण भेगमा उत्पादित बस्तुलाई यथासमयमा बजारसम्म पुर्याउन सुविधायुक्त र सुरक्षित पूर्वाधार निर्माणमा जोड दिने ।

- पुर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एंव प्रतिफल दिने र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरि आयोजना बैंक तयार गर्ने ।

- गाउँपालिकामा निर्माण भएका पक्की घरहरुको अभिलेखिकरण कार्य सम्पन्न गरी नयाँ घर निर्माण गर्दा भुकम्पप्रतिरोधात्मक युक्त घर निर्माण गर्न अनुमति लिनुपर्ने व्यवस्थाको सुरुवात गर्ने ।

- दिर्घकालिन लगानि मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजनालाई कार्यान्वयनमा ल्याउने

- रोजगारी सिर्जना हुने र मेसिनरी औजार प्रयोग नहुने आयोजना सञ्चालन उपभोक्ता समितिबाट गरिनेछ र ठुला तथा मेसिनरी औजार प्रयोग हुने सडक, भवन तथा सो अनुसार को आयोजना आवश्यकताको आधारमा वोलपत्र (e-bid) मार्फत कार्यान्वयनमा लग्ने ।

- संघिय सरकार र प्रदेश सरकार को सहयोगमा निर्माणिधिन मुल सडकहरु कालोपत्रे गर्न स्थानिय तहले कुटनितिक पहल गर्ने।

- गाउँपालिका भित्र बस्ति तथा खेतियोग्य भुमि लाई प्रत्यक्ष प्रवाभ पार्ने भु उपयोग निति लागु गर्दै जाने निति लिने।

- परिवर्तन गाउँपालिका भित्र निर्मित सडक सञ्जालको स्तरउन्नति तर्फ ध्यान दिने।

- पहाडी इलाकामा एक ठाउँ बाट अर्को ठाउँ सम्म पुग्नको लागि समयावधिलाई छोट्टाउने, खोलानाला बाढी बाट जनधनको क्षति कम गर्ने उदेश्यले विभिन्न स्थानहरुमा झोलुंगे पुल, ट्रस पुल निर्माण गर्ने कार्यलाई तिव्रता दिन संघिय सरकार संग माग गर्ने ।

- जनयुद्धको क्रममा देशमा गणतन्त्र ल्याउन आफ्नो ज्यानको आहुति दिइ सहादत प्राप्त गर्ने वीर सहिदहरुको नाममा सर्वमान्य सर्वस्वीकार्य शहिद स्मारक निर्माण गर्ने ।

- गाउँपालिकाको सीमा क्षेत्र एकिन गरि गाँउपालिका सिमानामा कलात्मक तथा गाउँपालिकाको मौलिकता झल्किने गरि स्वागतद्धार तथा साइन बोर्ड हरुको निर्माण गर्न पहल गर्ने ।

- गाँउपालिकाको पाँच वर्षे आवधिक योजना निर्माण भइसकेको हुनाले सो मा आधारित मध्यकालिन खर्च संरचना, बजेत तथा कार्यक्रम हरु निर्माण गर्ने ।

- गाँउपालिकाभरी बाढी पहिरो जस्ता प्राकृतिक प्रकोप बाट सडक बिग्रिएको खण्डमा गाँउपालिका को आफ्नै जे सि बि बाट नै मर्मत सम्भार गर्ने ।

- दिर्घकालिन, गौरवका तथा ठूला योजनाहरुकोपहिचान गरि, त्यस्ता योजनाहरुका डिपिआर तयार गरि बहु-वर्षिय ठेक्काद्वारा कार्यान्वयन गर्ने ।

- परिवर्तन गाउँपालिकाको माग र समन्वयमा संघीय सरकार र प्रदेश सरकारको वजेट बाट सञ्चानमा आएको शहिद मार्ग दुईखोली खरिबोट खण्ड र दुईखोली चुनवाङ खण्डको कालोपत्रे सहितका सडक निमार्ण कार्य समय मा सम्पन्न गर्न सम्बन्धित निकाय सँग समन्वय गर्ने ।

- "श्रममा सम्मान परिवर्तन, गाउँपालिकाको आवहान भन्ने मूल नारा सहित सञ्चालन गरेको हरेक वर्ष कात्तिकको ४ गते श्रम गरेर मनाइने श्रमडे लाई थप व्यवस्थत गरी निरन्तरता दिने ।

- परिवर्तन गाउँपालिकाका भित्र रहेका फुसका छानाहरुलाई विस्थापित गर्ने कार्य अगाडी बढाउने ।

## उर्जा संचार तथा सुचना प्रविधिः

- संसारमा बढदो उर्जासंकट लाई कम गर्न दीगो विकास लाई फाइदा तथा वातावरणीय सन्तुलन कायम हुने खालको नविकरणिय उर्जा प्रविधि जडान लाई उच्च प्राथमिकता दिएर कार्यान्वयन प्रक्रिया अघि बढाउने ।

- उर्जा खपत लाइ आधुनिक प्रविधि रुपमा रहेको सोलार लिफ्टिङ्ग प्रणाली मार्फत बहुआयामिक तवरले उपयोग गर्ने ।

- आम गाँउपालिकाबासीलाइ हरेक गतिविधिको बारेमा सुसुचित गर्ने उद्देश्यले रेडियो कार्यक्रम परिवर्तन संवाहकलाई निरन्तरता दिइनेछ र रेडियो, पत्रिका र अनलाईन सञ्चार माध्यमसँगको सहकार्यलाई निरन्तररुपमा अघि बढाउने ।

- सुचना प्रविधिमैत्रि गाँउपालिका को रुपमा चित्रित गर्ने उद्देश्यले गाँउपालिका भवन र वडा कार्यालयको भवनमा तथा माध्यमिक तहको स्कुलहरुमा क्षमताको आधारमा सिसिटिभिको जडान एवम उचित ढङ्गले मर्मतसम्भार गरी सुचारु गर्ने ।

- राज्यको चौथो अङ्गको रुपमा रहेका पत्रकारहरुलाई गाउपालिका भित्र को काम कारबाही लाई देशदेशावर सम्म सम्प्रेषण को आधारमा सम्मान तथा पुरस्कृत गर्ने ।

- आम परिवर्तनवासीहरुको जनगुनासो लाई सुनेर यथासमयमा समाधानको उपायहरु सुझाउनको लागि टोल फ्री नम्बर निरन्तरता दिने ।

- बढदो आधुनिकता संगै उच्चतम प्रविधिमा पहुंच बनाउने उद्देश्यले सबै वडाहरुमा फाइबरयुक्त इन्तरनेट जडानको लागि सम्बन्धित निकायमा पहल गर्ने ।

- गाउँपालिका को पहिचान तथा चिनारी को रुपमा रहने Digital Village Profile निर्माण तथा अद्यावधिक गर्ने ।

- गाउँपालिका भित्र सरकारी भौतिक संरचना हरुमा सोलार जडान लाई प्राथमिकता प्रदान गर्ने ।

- गाउँपालिकाका हरेक सूचना तथा समाचार बजेट तथा कार्यक्रमहरु, विभिन्न प्रतिवेदन, कानुन तथा निर्देशिका जस्ता विवरण हरु गाउँपालिकाको आधिकारिक वेवसाइटमार्फत नियमित रुपमा सार्वजनिक गर्ने ।
- बढ्दो सुचना प्रविधीमैत्रि जमानामा हाम्रो पालिकामा पनि डिजिटल हेल्प डेस्क को व्यवस्था गरी सेवा प्रवाहमा सहजिकरण गर्ने ।

- केन्द्रिय विद्युत को लागि सम्बन्धित निकाय मा पहल गर्ने तथा लघु जलविद्युत मर्मतसम्भार मा ध्यान दिने निति लिने ।

## सुशासन तथा राजस्व प्रशासन सम्बन्धि क्षेत्र

### राजश्व प्रशासन

- गाउँपालिकाको आन्तरिक आयलाई बढाउनको लागी कर संकलनमा सकारात्मक वातावरण निर्माण गर्न सबै वडा मा करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

- गाउँपालिकाले निर्माण गरेको राजश्व सुधार योजना को आधारमा गाउँपालिका भित्रका सम्भावित करका क्षेत्रहरुलाइ पहिचान गरी सहज ढंगले कर असुलउपर हुने व्यवस्था गर्ने ।

- गाउँपालिकाको आन्तरिक राजश्व वृद्धि गर्न लाई करका दर समयअनुकुल गर्दै कर दायरा विस्तार गर्दै लग्ने

- आन्तरीक आयका स्रोतहरुको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाड, अन्तरसरकारी वित्तिय हस्तान्तरण तथा गैरसरकारी संस्थाको स्रोत परिचालनको लागि स्थानिय सरोकारवाला प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैसस संग परामर्श समन्वय र साझेदारी गर्ने ।

- "खर्चमा मितव्ययिता शुन्य बेरुजु हाम्रो प्रतिबद्धता" भन्ने मन्त्रलाई आत्मसाथ गर्दै प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली मार्फत बेरुजुको अवस्था लाई शुन्यउन्मुख बनाउन प्रयास गर्ने ।

- विभिन्न कारण बाट व्यवसाय दर्ता तथा नविकरण नगरी नियमित हुन छुट भएका करदातालाई कर दायरा मा ल्याउन कर सहभागिता कार्यक्रम संचालन गर्ने ।

- गाँउपालिका र उपभोक्ता समितिले कारोबार गर्ने गाँउपालिका स्थित फर्महरुले स्थानिय तह वा सम्बन्धित निकायमा दर्ता तथा नविकरण नगरेको खण्डमा त्यस्ता फर्महरुसँग कारोबार नगर्ने गरी निर्णय गर्ने ।

- स्थानिय तहलाई तिर्नुपर्ने घरबहाल कर बुझाएपछि मात्रै आय कर लिनको लागि राजस्व कार्यालयसँग समन्वय गर्ने ।

- दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्ने व्यवस्थालाई कडाइ का साथ कार्यान्वयन गरिनेछ त्यससँगै घमुन्ते तथा पोके व्यवसायहरुलाई निरुत्साहित गर्ने ।

- उपभोक्ता हितसँग सम्बन्धित विविध सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

## कर्मचारी प्रशासन जनशक्ति विकास सुशासन र सार्वजनिक सेवा प्रवाहः

- जनता को सुसुचित हुने अधिकार लाई ध्यानमा राख्दै परिवर्तन गाँउपालिका भित्र यस कार्यालयले प्रवाह गर्ने सेवाको बारेमा अर्धवार्षिक रुपमा हुने सार्वजनिक सुनुवाइ कार्यक्रमलाई निरन्तरता दिने।

- राष्ट्रसेवक कर्मचारी लाई जिम्मेवार र कर्तव्यनिष्ठ बनाइ कार्यसम्पादनको स्तरमा वृद्धि ल्याउन उत्प्रेरणा सहित क्षमता विकासका कार्यक्रम एवम तालिम हरु सञ्चालन गर्ने ।

- सरकारी तथा सार्वजनिक निकाय लगायत सबै क्षेत्रमा सदाचार संस्कृतिको अवलम्बन गर्दै भ्रष्टाचार विरुद्धको अभियानमा शुन्य सहनशीलता कायम गर्ने ।

- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनका आधारमा सन्तुलित, चुस्तदुरुस्त कार्यालय संगठन निर्माण गर्न रिक्त रहेका पदहरुमा प्रदेश लोक सेवा आयोगबाट दक्ष तथा उर्जावान स्थायी कर्मचारीहरु पदपुर्ती गर्ने ।

- कार्य सम्पादनलाई छिटोछरितो, गुणस्तरिय र प्रभावकारी बनाउन प्रत्येक शाखा तथा कर्मचारीलाई कार्य विवरण बनाई लागु गर्ने तथा कार्य सम्पादन सम्झौता गर्ने नितिको अवलम्बन गर्ने ।

- सेवा प्रवाह, विकास निर्माण, निति निर्माण तथा नविनतम कार्य लगायतका विषयहरुमा सफल अनुभवहरु आदानप्रदान गर्दै सहकार्य गर्न कर्मचारी तथा जनप्रतिनिधिहरुबाट प्रतिनिधिमुलकढगंले अन्य स्थानिय तहको अवलोकन भ्रमणको व्यवस्था पनि गर्ने ।

- कार्यालयको सेवा प्रवाहलाई जनमैत्री बनाउन कार्यालय परिसरमा हेल्प डेस्कको स्थापना गरी सेवाग्राहीको सहजतालाई ध्यानमा राखी आवश्यक सहजिकरण गर्ने ।

- योजना बैंकको अवधारणा अनुरुप बस्तिस्तरबाट संकलित योजनाहरुलाई योजना बैंकमा समावेश गरि प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लग्ने ।

- लेखापरिक्षण गराउने पेश्की र बेरुजुको लगत राखे सम्परिक्षण गराउने एवं फर्छ्यौट गर्ने र अद्यावधिक गराउने सम्बन्धि कार्यलाई विशेष प्राथमिकता दिइ रोल्पा जिल्ला भरीमा सबैभन्दा कम बेरुजु लेखाउन सफल स्थानिय तह को पहिचान लाइ अझै बेरुजु शुन्यमा झार्ने प्रयास गर्ने ।

- गाँउपालिकाको गतिविधिलाइ पारदर्शी बनाउन वेवसाइट अद्यावधिक गरि सुचनाको हक सम्बन्धी व्यवस्थालाई पुर्णरुपमा कार्यान्वयन गर्ने ।

- गाँउपालिकाभित्र का गतिविधिमा एकरुपता ल्याउन को लागि कार्यातालिका सहितको क्यालेन्डर प्रकाशन गर्ने।

- गाँउपालिका को समिपमा रहेको ग्लोबल बैंकलाई सेवाग्राहीमैत्री बनाउन सो निकाय संग आवश्यक समन्वय सहकार्य र सहजिकरण गर्ने ।

- गाउँपालिकाद्धारा प्रवाह हुने सेवा प्रवाहको पृष्ठपोषण प्राप्त गर्न नागरिक सन्तुष्टि फारम भरेर पनि जानकारी हासिल गरि सेवा लाई अझै परिष्कृत गर्ने। त्यसैगरि विभिन्न शाखा द्वारा सामाजिक परिक्षण गरी आफ्नो सेवाको बारेमा वस्तुगत रुपमा जानकारी लिने।

- विभिन्न योजनाहरुको कागजपत्र कानून बमोजिम सिलसिलेवार रुपमा मिलाउन कठिन देखिएको हुँदा उक्त समस्या समाधान गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरि कार्यालयमा नै विस्तृत खाका (योजना किताब) बनाई उपभोक्ता समितिलाई कागजातहरु मिलाउन सहजीकरण हुने र पालिकाको बेरुजु घटाउन र स्मार्ट पालिका बनाउने कार्य लाइ निरन्तरता दिने ।

- एउटै योजनामा प्रदेश, गाउँपालिका पाइएकोले उक्त कार्य आगामी आ.व फरक फरक रकममा बजेट विनियोजन भएको बन्द गरि एउटा योजनामा एक स्थानबाट मात्र बजेट विनियोजन गर्न प्रयत्न गर्ने ।

- एउटै संस्था/क्लब लाई विभिन्न निकायबाट फरक फरक शिर्षकमा बजेट विनियोजन गरेको देखिएको हुँदा आगामि आ.व.मा एउटा संस्था/क्लब लाई कुनै एक निकायबाट मात्र बजेट विनियोजन हुनेछ ।

- लेखापरिक्षण गर्दा खर्च भएर नजाने जिन्सी सामानहरु जिन्सी शाखाबाट मात्र खरिद गरी विभिन्न शाखा/वडा कार्यालयहरुलाई माग फाराम भर्न लगाई जिन्सी शाखाबाट नै वितरण गर्न/गराउने व्यवस्था मिलाउने ।

- इन्धनको प्रयोग गर्दा कर्मचारी को ओहोदा तथा पद एवम कार्यबोझ तथा आन्तरिक नियन्त्रयण प्रणाली अनुरुप मितव्यायी हिसाब र किफायित ढङ्ग ले गर्ने ।

## <u>वन, वातावरण तथा विपद् व्यवस्थापन :</u>

- जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरुलाई अनुकुलन गर्न गाउँपालिकाले सोही बमोजिम को कार्यक्रम तय गर्ने।

- भु सचुना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन जोखिमको विश्षलेषण तथा जोखिम न्यूनीकरण योजना तयार गर्ने ।

- विपद जोखिम न्युनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरी सो अनुसार विपद पूर्व तयारी विपद न्युनिकरण प्रतिकार्य र पुनस्थापना को कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने ।

- वन क्षेत्रलाई समृद्धिको आधारको रुपमा विकास गरी बनबाट आम्दानी, रोजगार सिर्जना र जीवनस्तर उकास्न जडिबुटी र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गर्ने ।

- सफा, सुन्दर र हरियाली गा.पा. निर्माणका लागि हरिद सडक, खोला खोल्सामा वृक्षारोपन, बाँस रोपन, रुख तथा बाँसद्धारा तटबन्धन, सामादायिक भवनको संरक्षण, खाली ठाउँमा वृक्षारोपन कार्य अभियानकै रुपमा गर्ने ।

- यस गाउँपालिका भित्र रहेका विभिन्न खालको खानि उत्खनन् गर्नको लागि नेपाल खानी विभागसंग समन्वय गर्ने।

- परीवर्तन गाउँपालिका भित्रका खोलानाला का गिट्टि वालुवा जन्य पदार्थहरु कुनै निधीत आयोजनाको लागिमात्र अस्थायी रुपमा उपयोग गर्ने गरि अनुमति दिने अवधाराणा अगि बढाउने।

- गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने तर्फ अभियान अगाडी बढाउने ।

- जडिबुटीलाई प्रकृतिको देनको रुपमा मात्र नभई व्यवसायिक खेतिको रुपमा विकास गर्ने । वडा स्तरमा वन नर्सरी बनाउन आम जनता लाइ आव्हान गर्ने ।

- गाउँपालिकाको सौन्दर्यसंग गासिएका विभिन्न खोलाहरुको सफाईमा विशेष ध्यान दिने । नदी तथा खोलामा विषदी राख्दा माछा लगाएत अन्य जलचरहरुको अस्थित्वनै संकटमा पर्न सक्ने देखिएकोले उक्त कार्यमा स्थानीय प्रहरी प्रशासन संग समन्वय गरि कडाई गर्ने ।

- गा.पा. भित्र हुने भूस्खलन, वाढी, पहिरो, आगलागी, भूकम्प आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृत्रिम विपत्तिवाट तुरुन्त खोजी, उद्धार र राहत प्रदान कार्य गर्न गा.पा., नेपाल प्रहरी र नेपाल रेडक्रससंग समन्वय गर्ने।

- गाउँपालिकास्तरिय सामुदायिक वन उपभोक्ता समिती हरु संगको सहकार्यमा वन क्षेत्रका लाइ सम्भावित डढेलोबाट जोगाउन जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

- विपद् जन्य प्राकृतिक प्रकोपसंग जुधन चाहिने सामान्य खालको औजारहरु खरिद गर्न बजेट विनियोजन गर्ने ।

- विश्व वातावरणको दिवसको दिन स्वच्छ वातावरण एवम् हराभरा वस्ती निर्माण गर्ने हेतुले वृक्षारोपन कार्यक्रम सञ्चालन गर्ने ।

- विपदको प्रतिकार्य तथा व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरी गाउँपालिकाको विपद व्यवस्थापन कोषलाई सुदृढ गर्ने ।

## ८. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू :

आ.व. २०८१/०८२ मा पास गरेका नीती तथा कार्यक्रमहरु सोको बजेट अनि खर्च बिवरण हेर्दा चालु तर्फ २८,३१,०६,४१४ (८४%), पुजीगत तर्फ ११,०१,२३,४२५ (७९%) खर्च भएको पाइन्छ जुन कुल बजेटको ४७,३०,१९,५६० को ८३ %, ३९,३२,२९,८३९ रहेको छ ।

### कृषि सेवा

- कृषिमा जोखिम न्यूनीकरण गर्नको लागि निश्चत पूँजि सम्मको व्यावसायीक कृषि गर्नेको हकमा कृषि विमा कार्यक्रम लागू गरिनेछ । सोहीअनुसारको अनुदान प्रदान गरिनेछ ।
- कृषि क्षेत्रको बिकासमा आधार तय भैसकेको हुँदा अगामी दिनमा दिर्घकालिन बालीहरुको पकेट क्षेत्र विस्तार गर्दै र स्थापित पकेट क्षेत्रहरुको स्तर उन्नती गर्नु पर्ने दखिएकोले सोहि अनुसारको कार्यक्रम तय गरिनेछ ।
- वेरोजगार युवालाई कृषिमा आधारित कर्म गर्न यूवा स्वरोजगार कार्यक्रम मार्फत प्रोतसाहन गरिनेछ ।
- संघीय सरकार को वार्षिक निति तथा कार्यक्रम बमोजिम पहाडी क्षेत्रमा उत्पादन हुने बहुआयामिकयुक्त भांगो लाई सही ढंगले प्रयोग हुने गरी उत्पादनलाई बढावा दिइनेछ साथै हेम्प धागो उत्पादनलाई प्रर्वधन गर्न प्रोत्साहीत गरिनेछ ।
- कृषिजन्य उत्पादन लाई दिगो सम्म उपयोगगर्ने हेतुले कोल्डस्टोर निर्माणमा गाउँपालिकाले अग्रसरता लिने छ ।

### पशु सेवा तर्फ

- निश्चत पुंजी सम्मको व्यवसायिक पशुपालन गरेका किशान लक्षित पशु विमा कार्यक्रमलाई प्रभावकारी बनाई जोखिम कम गरिने छ ।
- नियमित पशुशिविर सञ्चालन गरी गाँउघरमा पशुमा देखिने रोग नियन्त्रण गरिनेछ ।
- मासुजन्य पसलहरुलाई सरसफाई, गुणस्तरयुक्त बनाउन सचेतना अभिवृद्धी गरिनेछ ।
- पशुजन्य बस्तुलाई विभिन्न बजारमा निकासी गर्न सहुलियत पूर्ण कर लगाइने छ ।
- दुध डेरि संकलन केन्द्र को अवधारणा अगाडि बदाइनेछ ।
-

## खानेपानी तथा सरसफाई फोहरमैला व्यवस्थापन,सिंचाई तथा जलाधार संरक्षण

- कृषि क्षेत्रको सिचाईको लागि पोखरीहरु निर्माण गरी सुरक्षित र भरपदों बनाइनेछ ।
- ठूला सिचाई आयोजना कार्यान्वयनको लागि प्रदेश र संघीय सरकार समक्ष समन्वय गरी अघि बढाईनेछ ।
- जलाधार संरक्षणको कार्यलाई समुदाय स्तरबाटै व्यवस्थापन गर्न जल उपभोक्ता समिती गठन गरि विधान बनाइ दर्ता कार्यलाई तिव्रता दिईनेछ ।
- परिवर्तन गाउँपालिका भित्रका मुख्य बजारहरु जस्तै बागमारा, पुत्लाचौर, दुइखोलि, पोखरा बजार खरिबोट हरुमा फोहोरमैला व्यवस्थापन गर्न लागि प्रयासरत गर्ने ।

## स्वास्थ्य :

- सबै स्वास्थ्य संस्थाहरुमा मधुमेह रक्तचापको निःशुल्क जाँचको व्यवस्था गर्ने ।
- परिवर्तन गाउँपालिका भित्रका समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम पनि सम्पन्न गर्ने ।
- सबै सामुदायिक सेवा केन्द्र हरुलाई मापदण्द पुरा गरेर क्रमिक ढङ्गले प्रसुति सेवा केन्द्रको रुपमा रुपान्तरित गर्ने ।
- संस्थागत सुत्केरीलाई प्रर्वद्धन गर्दै शुन्य होम डेलिभरी कायम गर्न सुत्केरीलाई केही रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने व्यवस्था गर्ने । त्यसैगरि निःशुल्क स्वास्थ्य सेवाको लागि वितरण गरीने औषधी खरिद गर्न केही निश्चित मात्रामा बजेट विनियोजन गर्ने ।
- वालविकास केन्द्र तथा विद्यालयहरुमा छ्बक्ज कर्नरको व्यवस्था गर्ने ।
- विद्यालय स्तरमा दिइने दिवा खाजाको लागी स्थानीय स्तरमा उत्पादित वस्तुलाई खाजाको रुपमा प्रर्वद्धन गर्ने ।
- अपांग, अल्पसंख्यक, लोपउन्मुख समुदायसंग सम्बन्धीत व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रम तय गर्ने ।
- स्वास्थ्य संस्थाहरुको पुर्वाधार निर्माणमा जोड दिइनेछ तथा सेवा प्रवाहले पछि परेको ठाउँहरुमा सामुदायिक स्वास्थय इकाइ केन्द्र स्थापना गरि सेवा प्रवाह गर्ने ।

## शिक्षा तथा खेलकुद

- स्थानिय स्तरमा भएको कला, संस्कृति भेषभुषा, भाषा तथा दिग्गज व्यक्तित्वलाइ समेती स्थानिय पाठ्यक्रम तर्जुमा गरी आगामि शैक्षिक सत्र देखि लागु गर्ने ।
- विषयगत शिक्षक र वालविकास शिक्षकको क्षमता अभिवृद्धि तालिमको व्यवस्था गर्ने ।
- सामुदायिक विद्यालयका सबै शौचालयलाई आधुनिक अपाङ्ग तथा वालमैत्रि बनाउने अभियान सुरु गर्ने ।

- सामुदायिक विद्यालयका सबै प्र.अ. हरुको प्रशासनिक र वि. व्य. स. अध्यक्षहरुको व्यवस्थाकिय क्षमता अभिवृद्ध गर्न विशेष तालिमको व्यवस्था गर्ने ।
- शैक्षिक पहुचमा सुनिश्चतता कायम गर्न अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम सन्चालन गर्ने ।
- गाँउपालिका स्थित खेलकुद मैदान धामाचौरलाई शहिद समृति रङगशालाको रुपमा विकास गर्ने गरी काम अगाडी बढाउने । साथै रङ्गशाला लाई आधुनिक तथा प्याराफिटयुक्त बनाउने ।
- युवाहरुलाई रोजगारमा आकर्षित गर्न विभिन्न खालको तालिम तथा व्यवसायिक अनुदानको व्यवस्था गर्ने । साथै युवापंक्ति लाई कुलत तथा खराब संगत बाट टाढा राख लाई राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप लाई निरन्तरता प्रदान गर्ने ।

## सामाजिक सुरक्षा, लैगिंक समानता, महिला सशक्तिकरण तथा सामाजिक समावेशिकरणः

- घरेलु हिंसा र लैङ्गिक हिंसाका पिडित महिला तथा बालवालिकाहरुलाई पुनर्स्थापना गर्न सुरक्षित र मर्यादित आश्रयस्थल सेफ हाउस स्थापना गर्न प्रयत्न गर्ने ।
- सेवाप्रवाहलाई चुस्त र दुरुस्त गर्न सामाजिक सुरक्षा भत्ता लाई बैंकिङप्रणालि इ एफ टी मार्फत अघि बढाउदै आएको सेवालाई निरन्तरता कायम गर्ने ।
- बालविवाहलाई निर्मुल गर्न किशोरीसञ्जाल मार्फत पनि सचेतनामूलक कार्यक्रम गरिने छ साथै छोरीहरुलाई माध्यमिक तहसम्म निशुल्क तथा अनिवार्य शिक्षाको ग्यारेन्टि गर्न आवश्यक नितिगत र कार्यक्रम सहित प्रबन्ध गर्ने ।
- महिला सहकारी संस्था, आमा समूह र समितिहरु को लागि छुट्टै भवनहरु निर्माण तथा मर्मत सम्भार गर्ने ।
- गाँउपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनालाई अपाङ्गमैत्री, बालमैत्रि र लैङ्गिकमैत्रि बनाइने निति कार्वान्वयन गर्ने ।
- लैङ्गिक हिंसा निवारण कोषमा कम्तिमा वार्षिक रु१००००० अक्षेरुपि एक लाख रुपैया रकम जम्मा गर्दै जाने र हिंसा प्रभावित महिलाहरुलाई कानुनि परामर्श, उपचार खर्च तथा जिविकोपार्जनका लागि अनुदान कोषबाट उपलब्ध गराउने ।

## पूर्वाधार क्षेत्र

- गाउँपालिकामा निर्माण भएका पक्की घरहरुको अभिलेखिकरण कार्य सम्पन्न गरी नयाँ घर निर्माण गर्दा भुकम्पप्रतिरोधात्मक युक्त घर निर्माण गर्न अनुमति लिनुपर्ने व्यवस्थाको सुरुवात गर्ने ।
- गाँउपालिकाको पाँच वर्षे आवधिक योजना निर्माण भइसकेको हुनाले सो मा आधारित मध्यकालिन खर्च संरचना, बजेत तथा कार्यक्रम हरु निर्माण गर्ने ।
- दिर्घकालिन, गौरवका तथा ठूला योजनाहरुकोपहिचान गरि, त्यस्ता योजनाहरुका डिपिआर तयार गरि बहु-वर्षिय ठेक्काद्वारा कार्यान्वयन गर्ने ।
- परिवर्तन गाउँपालिकाका भित्र रहेका फुसका छानाहरुलाई विस्थापित गर्ने कार्य अगाडी बढाउने ।
- सुचना प्रविधिमैत्रि गाँउपालिका को रुपमा चित्रित गर्ने उद्देश्यले गाँउपालिका भवन र वडा कार्यालयको भवनमा तथा माध्यमिक तहको स्कुलहरुमा क्षमताको आधारमा सिसिटिभिको जडान एवम उचित ढङ्गले मर्मतसम्भार गरी सुचारु गर्ने ।
- बढदो आधुनिकता संगै उच्चतम प्रविधिमा पहुंच बनाउने उद्देश्यले सबै वडाहरुमा फाइबरयुक्त इन्तरनेट जडानको लागि सम्बन्धित निकायमा पहल गर्ने ।

- गाउँपालिका को पहिचान तथा चिनारी को रुपमा रहने Digital Village Profile निर्माण तथा अद्यावधिक गर्ने ।
- बढ्दो सुचना प्रविधीमैत्रि जमानामा हाम्रो पालिकामा पनि डिजिटल हेल्प डेस्क को व्यवस्था गरी सेवा प्रवाहमा सहजिकरण गर्ने ।

**<u>सुशासन तथा राजस्व प्रशासन सम्बन्धि क्षेत्र</u>**

- गाउँपालिकाको आन्तरिक आयलाई बढाउनको लागी कर संकलनमा सकारात्मक वातावरण निर्माण गर्न सबै वडा मा करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- आन्तरीक आयका स्रोतहरुको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाड, अन्तरसरकारी वित्तिय हस्तान्तरण तथा गैरसरकारी संस्थाको स्रोत परिचालनको लागि स्थानिय सरोकारवाला प्रदेश सरकार र नेपाल विभिन्न कारण बाट व्यवसाय दर्ता तथा नविकरण नगरी नियमित हुन छुट भएका करदातालाई कर दायरा मा ल्याउन कर सहभागिता कार्यक्रम संचालन गर्ने ।
- सरकारका निकाय तथा गैसस संग परामर्श समन्वय र साझेदारी गर्ने ।
- विभिन्न कारण बाट व्यवसाय दर्ता तथा नविकरण नगरी नियमित हुन छुट भएका करदातालाई कर दायरा मा ल्याउन कर सहभागिता कार्यक्रम संचालन गर्ने ।
- स्थानिय तहलाई तिर्नुपर्ने घरबहाल कर बुझाएपछि मात्रै आय कर लिनको लागि राजस्व कार्यालयसँग समन्वय गर्ने ।
- दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्ने व्यवस्थालाई कडाइ का साथ कार्यान्वयन गरिनेछ त्यससँगै घमुन्ते तथा पोके व्यवसायहरुलाई निरुत्साहित गर्ने ।
- कार्यालयको सेवा प्रवाहलाई जनमैत्री बनाउन कार्यालय परिसरमा हेल्प डेस्कको स्थापना गरी सेवाग्राहीको सहजतालाई ध्यानमा राखी आवश्यक सहजिकरण गर्ने ।
- योजना बैंकको अवधारणा अनुरुप बस्तिस्तरबाट संकलित योजनाहरुलाई योजना बैंकमा समावेश गरि प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लग्ने ।
- भु सचुना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन जोखिमको विश्षलेषण तथा जोखिम न्यूनीकरण योजना तयार गर्ने ।
- परीवर्तन गाउँपालिका भित्रका खोलानाला का गिट्टि वालुवा जन्य पदार्थहरु कुनै निधीत आयोजनाको लागिमात्र अस्थायी रुपमा उपयोग गर्ने गरि अनुमति दिने अवधाराणा अगि बढाउने।
- विपद् जन्य प्राकृतिक प्रकोपसंग जुधन चाहिने सामान्य खालको औजारहरु खरिद गर्न बजेट विनियोजन गर्ने ।

# ९. प्रमुख प्रगति

## सामाजिक क्षेत्र तर्फको प्रमुख प्रगति

- लैंगिक समानता तथ्या सामाजिक विकास समावेशीकरण बजेट परीक्षण गरि कार्ययोजना तयार गरिएको
- बालमैत्री स्थानीय शासन सम्बन्धी सरोकारवालाहरुलाई अभिमुखीकरण, बालमैत्री स्थानीय सरकारको लागि तयारी र पूर्वतयारीका कार्यक्रम गरिएको
- पोषण मैत्री स्थानीय प्रवर्द्धन
- जेसी अडिट संचालन
- महिला सशक्तिकरण तथा युवा लक्षित कार्यक्रम
- सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण
- वातावरण संरक्षण तथा सुधारका कार्यक्रम सञ्चालन।
- सामाजिक परिचालन तथा जनचेतना कार्यक्रम निरन्तर सञ्चालन।

## परिवर्तन गाउँपालिकाका नवीनतम कार्यहरु

विशेष रूपमा उल्लेख गर्न मिल्ने १० नवीनतम कार्यक्रम

१. Digital Village Profile
२. Digital Help Desk
३. किसान परिचयपत्र प्रणाली
४. पुनरुत्पादक )Regenerative) कृषि प्रवर्द्धन
५. कृषि कोल्ड स्टोर निर्माण पहल
६. युद्ध पर्यटन प्रवर्द्धन
७. स्थानीय पाठ्यक्रम विकास
८. नागरिक सन्तुष्टि फाराम प्रणाली
९. योजना बैंक अवधारणा
१०. GIS आधारित विपद् जोखिम नक्साङ्कन तथा जलवायु उत्थानशील योजना।

## सुशासन र पारदर्शीता सम्बन्धि गरिएको प्रयासहरु

- परिवर्तन गाउँपालिकाले
- सार्वजनिक सुनुवाइ,
- सामाजिक परीक्षण,
- नागरिक सन्तुष्टि मापन,
- कार्यसम्पादन सम्झौता,
- सूचना प्रविधिमा आधारित सूचना प्रकाशन,
- हेल्प डेस्क सञ्चालन,
- योजना बैंक व्यवस्थापन,
- बेरुजु न्यूनीकरण,
- करदाता शिक्षा तथा लैङ्गिक उत्तरदायी बजेट प्रणाली
- सुचना अधिकारी तोकिएको
- नागरिक वडापत्रको व्यवस्था भएको
- गुनासो सुन्ने अधिकारी तोकिएको
- मेलमिलाप केन्द्र स्थापन

# १०.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | उपलब्धी | तथ्यांक स्रोत |
|---|---|---|---|
| स्वास्थ्य | २०८१/०८२ | | |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी सङ्ख्या | ४२०४ | आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार भएको देखिन्छ | जिल्ला स्वास्थ्य कार्यालय बार्षिक प्रतिबेदन , आवधिक योजना |
| ५ बर्ष मुनिका बालबालिकाको प्रतिशत | १७९५ (ARI/CDD/Nutrition ) | बाल स्वास्थ्य तथा पोषण सेवाको दायरा प्रभावकारी रूपमा विस्तार भएको | जिल्ला स्वास्थ्य कार्यालय बार्षिक प्रतिबेदन |
| खोपमा पँहुच भएको जनसङ्ख्या (एक वर्ष मुनीका बालबालिकाको आधारमा | ३७५ जना | नियमित खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको | जिल्ला स्वास्थ्य कार्यालय बार्षिक प्रतिबेदन |
| १० पटक गर्भवती जाँच गरिएको महिलाको प्रतिशत | ६१.६१% | सुरक्षित मातृत्व सेवाप्रति जनचेतना वृद्धि भएको | जिल्ला स्वास्थ्य कार्यालय बार्षिक प्रतिबेदन |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएको महिलाको सङ्ख्या | ४७.७७% | संस्थागत प्रसूति दर वृद्धि हुँदै गएको तर अझ सुधार आवश्यक | जिल्ला स्वास्थ्य कार्यालय बार्षिक प्रतिबेदन |
| झाडापखालाबाट मृत्यु हुने बालबालिकाको सङ्ख्या | ० | जनस्वास्थ्य कार्यक्रम प्रभावकारी भई शून्य मृत्यु हासिल | जिल्ला स्वास्थ्य कार्यालय बार्षिक प्रतिबेदन |
| प्राथमिक स्वास्थ्यकेन्द्र, बर्थिङ सेन्टर वा स्वास्थ्य चौकीबाट सेवा लिने घरधुरी परिवार प्रतिशत | ८०.७९% | सार्वजनिक स्वास्थ्य सेवाप्रति विश्वास र उपयोग दर उच्च | जिल्ला स्वास्थ्य कार्यालय बार्षिक प्रतिबेदन |
| शिक्षा | | | |
| आधा घण्टाभित्र आधारभूत विद्यालय नपुग्ने बालबालिकाको सङ्ख्या | १०-१५ % | अधिकांश वडामा आधारभूत विद्यालयको पहुँच | आवधिक योजना आधाररेखा |

| | | | |
|---|---|---|---|
| | | सुनिश्चित, विद्यालय बाहिरका बालबालिका घट्दै | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ८५–९०% | प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाको सहभागिता वृद्धि | आवधिक योजना आधाररेखा |
| आधारभूत विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका सङ्ख्या ⁄ प्रतिशत | ५ % भन्दा कम | विद्यालय पहुँच विस्तार तथा भर्ना अभियान प्रभावकारी | आवधिक योजना आधाररेखा |
| कक्षा १ मा खुद भर्नादर छात्र ⁄छात्रा | छात्र ९६%, छात्रा ९५% ( अनुमानित ) | लैङ्गिक समानतासहित भर्नादर उच्च | EMIS |
| आधारभूत तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तीर्ण हुने दर | १भन्दा कम % | विद्यालय पहुँच विस्तार तथा भर्ना अभियान प्रभावकारी | EMIS |
| आधारभूत तहमा तालिम प्राप्त शिक्षक सङ्ख्या | २८९ | अधिकांश शिक्षक पेशागत तालिम प्राप्त | EMIS |
| प्रति कक्षा कोठा विद्यार्थी सङ्ख्या | २०–२५ जना | विद्यार्थी–शिक्षक अनुपात सन्तुलित | EMIS School Profile |
| वाह्य सहयोगमा निर्मित विद्यालय कोठा सङ्ख्या | एकिन नभएको | - | - |
| स्थानीय तहबाट निर्मित विद्यालय कोठा सङ्ख्या | २०–३० कोठा | विद्यालय पूर्वाधार सुधार | गाउँपालिका शिक्षा शाखा, योजना शाखा |
